नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218




वर्ष ३ | अंक १४६ | २०८१ साल चैत्र २७ गते बुधबार | Wednesday 09, April 2025 | सूर्योदयः बिहान ५:४८ बजे | सूर्यास्तः साँझ ६:२६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# भ्रष्टाचार र कमिसनले नेता र प्रणालीप्रति जनतामा अविश्वासः प्रधानमन्त्री

मधेश प्रदेश सम्भावनै सम्भावनाको उर्वरभूमि कृषिका लागि उपयुक्त हुने र चुरेक्षेत्र जडिबुटी, जङ्गलदेखि पानीको अपार स्रोत हो । सुनकोसी डाइभर्सन आयोजनाले मधेशमा सिँचाइ भई राष्ट्रिय उत्पादन र उत्पादकत्व वृद्धि गर्ने छ । यसले पहाड र तराईबीचको एकताभाव सृजना गर्नेछ । र, एक लाख ८५ हजार बिघा जमिनमा सिँचाइ हुनेछ ।

**– केपी शर्मा ओली, प्रधानमन्त्री**



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

प्रधानमन्त्री केपी शर्मा ओलीले भ्रष्टाचार र कमिसनका कारण जनतामा नेता र प्रणालीप्रति अविश्वास बढेको बताएका छन् । उनले सुशासनले सबैलाई हातोमालो गरेर अगाडि बढाउनुपर्नेमा जोड दिए ।

मधेश प्रदेश सभामा प्रधानमन्त्री ओलीले अहिलेको आवश्यकता सुशासनसहितको विकास र समृद्धि रहेको प्रष्ट पारे । उनले भने, 'जनताको जीवनमा लोकतन्त्र आउनु पर्छ, त्यसका निम्ति समाजलाई सुशासन र समृद्धिको बाटोमा लैजानु पर्छ । ओलीले भ्रष्टाचार, कमिसनतन्त्रले राजनीतिप्रति जनताको वितृष्णा बढ्ने, राजनीतिक कार्यकर्तामाथि वितृष्णा बढ्ने र नेतामाथि वितृष्णा बढ्ने भएकाले यसतर्फ सतर्क हुनुपर्ने बताए । जनतालाई पिरमर्का दिँदैनौँ, जनतालाई प्रतिक्षा गराउँदैनौँ, लाइनमा धेरै बसाउँदैनौँ, सकेसम्म हामी छिटोछरितो सेवाभावका साथ सेवा उपलब्ध गराउँछौँ,' उनले भने, 'यसो भयो भने डेमोक्रेसी बलियो हुन्छ । डेमोक्रेसी शब्दमा भन्छौँ तर व्यवहारमा अभ्यास गरिरहेका छैनौँ भने जनताले सर्पलाई ढाँठ भन्छ । एक दुई ठाउँमा देखेपछि सबैलाई त्यसै हिसाबले रहेको अनुमान गर्छ ।' उनले विकासका लागि सुशासनमा ध्यान दिनुपर्ने बताए ।

प्रधानमन्त्री ओलीले टनेल ब्रेक थ्रु भएको एक वर्ष भए पनि बाँध नबाँधिदा सिँचाइको काम नभएको बताए । उनले भने, 'अहिले टनेल छ तर के गर्ने टनेल देखाउने ? हामीलाई त पानी चाहिएको हो, त्यसैले हामीले फेरि प्रक्रिया बढाएका छौँ ।' प्रधानमन्त्री ओलीले भने, 'टनेलको काम पूरा गरौँ, पावर हाउस तयार राखौँ, मरिन नदीलाई नियन्त्रण गर्ने काम गरौँ, बाँध्ने काम तुरन्त गरौँ र नहर सिस्टमलाई शाखा प्रशाखासम्म चुस्तदुरुस्त राखौँ,' उनले भने, 'पानी छोडेकै दिन सबै ठाउँमा पानी पुगोस् र हामी त्यही सिजन खेती लगाउन सकौँ । त्यसले एक लाख ८५ हजार बिघा जमिनमा सिँचाइ हुन्छ ।' प्रधानमन्त्री ओलीले मधेश प्रदेशमा कृषिको सम्भावना रहेको र त्यसैका लागि यो परियोजना ल्याइएको बताए ।

मधेश र पहाडका नाममा केही मान्छेले विवादको विषय बनाएको भन्दै उनले सुनकोशी मरिन डाइभर्सनले राष्ट्रको एकताको भावना देखाएको बताए । उनले केही वर्षमै यो योजना तयार हुने बताए । ओलीले समयको विकास र अनुभवका आधारमा विद्यमान प्रणालीलाई बलियो बनाउन तथा सुशासन र विकासका लागि उचित समयमा संविधान संशोधन हुने स्पष्ट गरे । 'सामाजिक सद्भाव र राष्ट्रिय एकता कायम राख्न उपयुक्त समयमा संविधान संशोधन गर्छौं । त्यसका लागि एउटा नेकपा (एमाले) र नेपाली कांग्रेसको यो संयुक्त सरकारबाट राजनीतिक समिति बनाउँछौँ । तर 'प्यान्डोरा'को बाकस खोलेजस्तो गर्दैनौँ,' उनले भने, 'प्रगितमनका लागि ढोका खोल्न संविधान संशोधन गर्दैनौँ ।' 'राजतन्त्र फेरि ल्याउने भनेर केही लागेका छन् । विगतमा निरङ्कुश राजतन्त्रको कुशासन नदेखेका नयाँ पुस्तालाई भ्रममा पार्न खोजेका छन् । हामीले नयाँ पुस्तालाई सचेत बनाउनुपर्छ । आजको सचेत समाजले त्यस्तो सामन्ती व्यवस्था स्वीकार्न सक्दैन । गणतन्त्र यस देशको वर्तमान र भविष्य हो । प्रतिपक्षी पनि विद्यमान व्यवस्थाको पक्षमा रहनु खुसीको कुरा हो,' उनले भने । प्रधानमन्त्री ओलीले लोकतान्त्रिक गणतन्त्रको व्यवस्था जनताको सङ्घर्षको जगमा ल्याइएकाले यस व्यवस्थालाई सुव्यवस्थित एवम् सुदृढ बनाउनु सबैको कर्तव्य भएको उल्लेख गरे । 'यो श्रेष्ठ प्रणाली हो, हामीले यसको रक्षा गर्नुपर्छ । अभ्यासमा आएको लामो समय नभएकाले यो व्यवस्थामा केही कमजोरी भए होलान् तर सुधार गरेर जानुको विकल्प छैन,' उनले भने, 'अब हामी द्रुत गतिमा अघि बढेका छौँ । यस प्रणालीअन्तर्गत सांसदको शपथ लिने अनि बाहिर गएर संविधान मान्दिनँ भन्ने अभिव्यक्ति दिनु हुँदैन ।' संविधानले प्रदेशलाई स्वायत्तता प्रदान गरेको र यो स्वायत्तताको सही उपयोग गर्न सबैको दायित्व रहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय, नीति निर्माण र विकासका कार्यहरूलाई प्रभावकारी बनाउन प्रदेश सरकारको विशेष भूमिका रहने बताए । प्रधानमन्त्री ओलीले मधेश प्रदेश सम्भावनै सम्भावनाको उर्बर भूमि कृषिका लागि उपयुक्त हुने र चुरेक्षेत्र जडिबुटी, जङ्गलदेखि पानीको अपार स्रोत रहेको जनाए । उनले सुनकोसी डाइभर्सन आयोजनाजस्ता कार्यक्रमले मधेशमा सिँचाइ भई राष्ट्रिय उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र यस पहाड र तराईबीचको एकताभाव सृजना गर्ने बताए ।

प्रधानमन्त्री ओलीले औद्योगिक क्षेत्र, पेट्रोलियम पाइपलाइन, रेलमार्ग, एसियन हाइवे, हुलाकी सडक, दुतमार्ग, रामराजाप्रसाद सिंह अस्पताल मधेशको विकास र समृद्धिको आधार भएकाले आइसिपी तथा प्रमुख भन्सार नाका वीरगंजलाई आर्थिक केन्द्र तथा प्राचीन शहर जनकपुरधामलाई सांस्कृतिक पर्यटनको आधारको रुपमा विकास गर्न सकिने बताए । आफूले रेलमार्गका कुरा गर्दा नपत्याएर विरोध गरेको स्मरण गर्दै उनले अहिले जनकपुरमा रेल यात्रा सहज भएकाले गर्न चाहँदा खेरि गर्न नसकिने केही कुरा नभएको स्पष्ट गरे ।

'प्रतिपक्ष रचनात्मक रहोस् । सरकारले पनि प्रतिपक्षलाई साथमै लिएर जाने सोच बनाओस् र यो प्रदेशलाई मुलुककै नमूना प्रदेश बनाउन सकियोस्,' प्रधानमन्त्री ओलीले भने, 'उचित नीति बनाएर तद्अनुसार एकता र एकरुपताका साथ काम गर्न म आव्हान गर्दछु । यहाँको विकासका काममा सङ्घीय सरकारको सक्दो साथ रहनेछ ।'

प्रधानमन्त्री ओलीले मधेश प्रदेशको सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भाव अत्यन्त सुन्दर पक्ष भएको उल्लेख गर्दै यहाँका अनुशासित, चेतनशील तथा विकासप्रेमी नागरिकले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमान कायम गर्न पु¥याएको योगदानको उच्च प्रशंसा गरे । प्रधानमन्त्री ओलीले अनावश्यक हल्ला चलाइएको भए पनि भारत र चीनसँगको सम्बन्ध सुमधुर रहेको बताए । उनले भने, 'सँगै सुतेपछि खुट्टा लाग्छ, खुट्टा हटाउ भनेपछि कुरा सकिन्छ । त्यसकारण नेपालको दुई छिमेकीसँग अशल मित्रता छ ।'

## सम्बोधन पछि सत्ता पक्ष र विपक्षीको प्रतिक्रिया



संघीयताको विषयमा सबै एकजुट भएर विकास निर्माणमा लाग्नु पर्ने विषय भन्नु भएको छ । अहिलेको परिस्थितिमा यो आवश्यक छ । संघीयतालाई सबल बनाउने उहाँले दिएको सन्देश धेरै नै उत्साहवद्र्धक छ । सरकारलाई थप उत्साह र बल पुगेको छ ।

***– सतिश कुमार सिंह***
*मुख्यमन्त्री, मधेश सरकार*



प्रधानमन्त्रीको सम्बोधनले मुलुकमा आर्थिक विकास स्थायित्वको लागि आवश्यक रहेको भन्ने सन्देशका रुपमा लिएको छु । यसले प्रदेश सरकारलाई थप ऊर्जाशील बनाउने अनुभूति गरेको छु । आर्थिक विकाससमेत जनताको आवश्यतकतासहितको भनिएको छ ।

***– कृष्ण प्रसाद यादव***
*संसदीय दलका नेता, नेपाली कांग्रेस*



प्रधानमन्त्रीले प्रदेश सभामा आएर जुन राजनीतिक प्रतिवद्धता व्यक्त गर्नुभयो, त्यो निकै राम्रो पक्ष हो । प्रदेश सभालाई सुदृढ र अधिकारसम्पन्न बनाएर लैजानेजस्ता राजनीतिक प्रतिवद्धताले संघीयतालाई थप बलियो बनाउन उत्साहित गर्छ । कार्यान्वयको पक्ष हेर्न बाँकी छ ।

***– जितेन्द्र सोनल***
*नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल*



संघीयता र गणतन्त्रको पक्षमा धेरै कुरा गरे पनि कार्यान्वयन हुनेमा खासै विश्वास छैन । प्रहरी समायोजन कहिल्यै पूरा गर्नु भएन । मधेश सरकार सुशासनमा निकै कमजोर भयो, यसकारण संघीयताप्रति जनताको वितृष्णा उत्पन्न भएको जानकारी गराएका छौँ ।

***– सरोजकुमार यादव***
*जसपा नेपाल, पूर्वमुख्यमन्त्री*



प्रधानमन्त्रीको सम्बोधनमा संघीयता र गणतन्त्रप्रति उहाँले जुन प्रतिवद्धता जनाउनु भयो, त्यो निकै सकारात्मक पक्ष हो । प्रहरी समायोजन, मधेश प्रदेशको विकासमा ठूलो प्याकेज आउने आशा थियो तर सम्बोधनमा केही पनि आएन, सम्बोधन निरासाको रुपमा लिएको छु ।

**–भरत प्रसाद साह**
संसदीय दलका नेता, नेकपा माओवादी केन्द्र

## उत्साह जगाउने प्रधानमन्त्रीको सम्बोधन

**जनकपुरधाम**

प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेश सभामा गरेको सम्बोधनलाई सत्तापक्षले उत्साह बढाउने भनेको छ भने विपक्षी दलले सरकारले गरिरहेको गलत कार्यप्रति सचेत गराउने कार्य गरिएको जनाएको छ ।

सञ्चारकर्मीहरुसँग कुरा गर्दै मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रधानमन्त्री ओलीको सम्बोधनले हौसला बढाउने कार्य गरेको प्रतिक्रिया दिए । उनले सबैले मिलेर संघीयता सबल बनाउने कार्यमा लाग्न सुझावले आफू निकै उत्साहित भएको बताए । मुख्यमन्त्री सिंहले भने, 'संघीयताको विषयमा सबै एकजुट भएर विकास निर्माणदेखि लिएर प्रदेश नै एकजुट भएर अहिलेको परिस्थितिमा आवश्यकता जिकिर गर्नु भयो, वास्तवमा अहिले संघीयतालाई सबल बनाउने उहाँले दिएको सन्देश धेरै नै उत्साहवद्र्धक भएको पाएँ ।' उनले यसले संघीयता र विकासको कार्यलाई अगाडि बढाउन सरकारलाई थप उत्साह र बल पुगेको जिकिर गरे ।

त्यसैगरी, नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्ण प्रसाद यादवले प्रधानमन्त्रीको सम्बोधनले मुलुकमा आर्थिक विकास स्थायित्वको लागि आवश्यक रहेको भन्ने सन्देशका रुपमा लिएको र यसले प्रदेश सरकारलाई थप ऊर्जाशील बनाउने अनुभूति गरेको बताए । उनले भने, 'प्रधानमन्त्रीले सुशासनतर्फ धेरै कुरा राख्नु भएको छ र यसलाई प्रदेश सरकारले मनन गर्नुपर्ने छ, आर्थिक विकाससमेत जनताको आवश्यतकतासहितको कुरा सम्बोधनमा विशेष जोड दिनु भएको छ, जो निकै सकारात्मक पक्ष हो ।'

त्यसैगरी लोकतान्त्रिक समाजवादी पार्टीका नेता जितेन्द्र सोनलले प्रधानमन्त्रीले प्रदेश सभामा आएर जुन राजनीतिक प्रतिवद्धता व्यक्त गर्नुभयो, त्यो निकै राम्रो पक्ष रहेको बताए । उनले देशमा विभिन्न खालको कुरा उठिरहेका समयमा प्रदेश सभालाई सुदृढ र अधिकारसम्पन्न बनाएर लैजानेजस्ता राजनीतिक प्रतिवद्धताले संघीयतालाई थप बलियो बनाउनेतर्फ उत्साहित गराउने अभिव्यक्ति प्रधानमन्त्रीको आएको बताए ।

उनले भने, 'संघ सरकारले प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्न तयार छ, यी कुराहरु जो उहाँले राख्नु भयो, त्यो निकै सकारात्मक छ, कार्यान्वयको पक्ष हेर्न बाँकी रहेको छ ।' सोनलले प्रदेश सभामा सैद्धान्तिक कुरा निकै राम्रो गरे पनि व्यवहारिक कुरा कस्तो गर्नु हुन्छ, त्यसमा भर पर्ने बताए ।

त्यसैगरी, विपक्षी दल जसपा नेपालका संसदीय दलका नेता एवम् पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले भारतका प्रधानमन्त्रीले कहिले पनि यसरी प्रदेश सभामा गएर सम्बोधन गरेको आफूले नसुनेको बताउँदै हाम्रो प्रधानमन्त्री हरेकपटक प्रदेश सभामा सम्बोधन गर्नुहुन्छ, ठूला कुरा गर्नु हुन्छ तर त्यसको कार्यान्वयन कहिले पनि नहुने गरेको बताए ।

उनले अहिले पनि संघीयता र गणतन्त्रको पक्षमा धेरै कुरा गरे पनि त्यसको कार्यान्वयन हुनेमा आफूलाई खासै विश्वास नभएको बताउदै विगतमा पनि यस्तै कुरा गरेको तर प्रहरी समायोजनजस्ता कुरा कहिल्यै पूरा गर्नु भएन, त्यसकारण सम्बोधनबाट आफूहरु खासै उत्साहित नभएको बताए । उनले भने, 'प्रधानमन्त्रीज्यूले सरकारलाई धेरै सुझाव दिनु भएको छ, भ्रष्टाचार र सुशासनप्रति अब सरकार यसतर्फ सचेत हुन्छ कि भन्ने विश्वास छ, हामीले प्रधानमन्त्रीलाई भेटेर पनि वर्तमान सरकार सुशासनमा निकै कमजोर भयो, यस कारण संघीयताप्रति जनताको वितृष्णा उत्पन्न भएको जानकारी गराएका छौँ ।' उनले अहिलेको जस्तो भ्रष्ट सरकार इतिहासमै थिएन र यसले संघीयताप्रति जनतामा वितृष्णा उत्पन्न भएको बताए । उनले प्रदेश सरकारलाई राम्ररी काम गर्न निर्देशन दिन आपूmले प्रधानमन्त्रीलाई आग्रह गरेको बताए । यादवले वर्तमान मधेश प्रदेशको सरकार पूर्वाग्राही हिसाबले कार्य गरिरहेको बताउँदै निर्माण गरेको विश्वविद्यालयलाई समाप्त पार्ने कार्यसमेत वर्तमान सरकारले गरिरहेको बताए ।

नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता भरत प्रसाद साहले प्रधानमन्त्रीको प्रदेश सभाको सम्बोधन संघीयता र गणतन्त्रप्रति उहाँले जुन प्रतिवद्धता जनाउनु भयो, त्यो निकै सकारात्मक पक्ष रहेको बताउँदै सम्बोधनबाट मधेशले धेरै आशा गरे पनि त्यो नपाएको अनुभूति गरेको बताए ।

उनले भने, 'प्रदेश सभाको सम्बोधनमा उहाँले प्रहरी समायोजनदेखि लिएर मधेश प्रदेशको विकासमा ठूलो प्याकेज आउछ कि भन्ने आशा थियो तर त्यस अनुसारले केही पनि आएन, यसले एउटा निरासाको रुपमा लिइएको छ, त्यसैले उत्साह हुनसकेन ।' साहले प्रधानमन्त्रीको सम्बोधनले संघीयता र गणतन्त्रप्रति आएको प्रतिवद्धता उत्साहजनकरुपमा लिइएको बताए ।

# प्रगतिको लागि समाज एकजुट हुनु आवश्यक छः साह

**जनकपुरधाम/मिश्रीलाल मधुकर**

नेपाल तेली कल्याण समाजका राष्ट्रिय अध्यक्ष विश्वनाथ साहले समाजको प्रगतिको लागि एकताबद्ध हुनु महत्त्वपूर्ण रहेकाे बताएका छन ।उनले यदि हामी विभाजित रह्यौं भने, हामी कुनै पनि क्षेत्रमा प्रगति गर्न नसक्ने बताए ।



महेन्द्रनगरमा तेली समुदायले आयोजना गरेको कोल्हु पूजा उत्सवको अवसरमा प्रमुख अतिथिको रूपमा बोल्दै उनले भने कि जबसम्म हामी कोल्हू चलाइरहेका थियौं, हामी खुशी थियौं। आज विश्वभरि कोल्हू बाट उत्पादित तेलको मांग छ। डाक्टरहरूले पनि कोल्हुको तेल सेवन गर्न सिफारिस गर्छन्। त्यसैले, आफ्नो पारिवारिक पेशा अपनाउनुहोस्।

विशेष अतिथिको रुपमा बोल्दै संविधानसभा सदस्य तथा केन्द्रीय राज्यमन्त्री अरविन्द कुमार साहले मधेशमा यादवपछि दोस्रो ठूलो जनसंख्या तेली समुदायको रहेको तर कुनै पनि राष्ट्रिय दलले टिकट दिएर हामीलाई अन्याय नगर्ने बताए। उनले अब समय आएको छ कि हामी एकजुट भएर समाजका उत्पीडित जातिहरूसँग मिलेर राजनीतिमा नयाँ प्रयोग गर्नुपर्नेमा जोड दिए । नेपाल तेली कल्याण समाज धनुषाका अध्यक्ष ललित साहले समाजका गरिब जेहेन्दार विद्यार्थीहरूलाई प्रवर्द्धन गर्न अभियान चलाउनु पर्ने बताए। काली साहको अध्यक्षतामा आयोजित कोल्हु पूजा अघि, कलश यात्रा धूमधामका साथ निकालिएको थियो जसमा सयौं महिलाहरुले भाग लिएका थिए। कार्यक्रममा बजरंगी साह, अशोक साह, ई. शम्भु साह, श्याम साह, पवन देवी साह, विनय साह, फुलगेन साह लगायतका महानुभावहरुले आफ्नो धारणा राखेका थिए । शम्भु साहको साँस्कृतिक टोलीले प्रस्तुत गरेको मैथिली गीत, नृत्य, जाट-जट्टिन, डोमकाच, झिझिया लगायतका लोक नृत्यले नृत प्रस्तुत गरेका थिए ।

---


मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

## कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

मधेश प्रदेश, नक्टाझिज, धनुषा

## क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८१/१२/२७ गते

यस केन्द्रको आ.व.०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी साधन कार\जिप सार्वजनिक खरिद ऐन (पहिलो संशोधन सहित) को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४(दशौं संशोधन) को नियम ३१(ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को अधिकृत/आधिकारिक बिक्रेता (Importer) हरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादक वा सो कम्पनीको विक्रेता तोकेको अधिकारिक बिक्रेताहरुबाट उक्त सवारी साधन बिक्रि गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतीपत्र, सो को अद्यावधिक नविकरण भएको पत्र, मूल्य अभिवृद्धि कर, दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०८०/०८१ सम्मको कर चुक्ता गरेको कागजात, उक्त सवारी साधन सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र, उत्पादकको अधिकारिक प्राविधिक स्पेशिफिकेशन, मुल्य, गुणस्तर तथा सुविधा सहितको विववरण (क्याटलग वा ब्रोसर) संलग्न राखि प्रस्ताव सूचना प्रकाशन भएको **दसौं दिन (मिति २०८२।०१।०५ गते) दिनको १५:०० बजे सम्म** यस केन्द्रमा निवेदन दर्ता गराउन सावर्जनिक खरिद नियमावली, २०६४ (दशौं सैशोधन सहित)को नियम ३१ (ख) बमोजिम प्रस्ताव आव्हान गरिएको छ।

| सि.नं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | कार\जिप गाडी खरिद 4WD | 2WD/4WD, Five Seater, Hard Top, SUV, Right Hand Drive, GVW not less than 1650 Kgs, 4 Stroke, 4 Cylinder, Engine Displacement not less than 1490 CC, Water Cooled, Petrol Engine, Rated Power Output not less than 115 PS & Torque not less than 140 Nm at governed Speed, Dry type Single Clutch Plate, At least 6 forward and 1 reverse (min.) gear System, Ventilated Disc / Disc type brake, Anti Lock Braking System (ABS) with EBD, Heavy Duty alloy Steel Frame / Chassis with toe hook, Radial Tubeless Tyre, Full finished & well managed Cab, Turning Radius not more than 5.5 Meter, Ground Clearance not less than 190 mm, Front Dual and Side Airbags. (minimum), Power Window, Central door Locking system with Keyless entry, Air conditioning system, Spare wheel with tubeless tyre set, Heavy duty body coloured front and rear bumpers, Electronic stability control, Hill Start Assist control, Vehicle stability Management Control, Electric control & Electric Foldable ORVM, Latest Nepal Vehicle Mass Emission Standard which is certified by DOTM &Standard Colour as per technical Specifications. | संक्षिप्त विरणमा उल्लेख नभएका कुराहरु स्विकृत Technical specification बमोजिम हुनेछ । |

नोटः

१. पेश हुन आएका प्रस्तावहरु मिति २०८२/०१/०५ गते दिउँसो १५:१० बजे खोलिनेछ ।

३. सो दिन सार्वजनिक बिदा परेमा त्यसको भोलि पल्ट खोलिने छ ।

नि.प्रमुख


---


मधेश प्रदेश सरकार

## उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय

## पर्यटन विकास कार्यालय

लहान, सिरहा

ईमेल-ः tdosiraha@gmail.com

## बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना|

**(प्रथम पटक प्रकाशित मिति : २०८१/१२/२७)**

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा मिति २०८१/११/१८ गते राष्टिय दैनिक पत्रिकामा प्रकाशित निम्न बमोजिमका शिलबन्दी बोलपत्र आव्हान(**e-bidding**)सम्बन्धि सुचना तथा www.bolpatra.gov.np/egp मा समेत प्रकाशित सुचना अनुसार निर्धारित समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा कम मुल्यमा कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र यस कार्यालयको मिति२०८१/११/२६ गतेको निर्णय अनुसार स्वीकृतिको लागी छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना प्रकाशन गरिएको छ |

तपशिल :

| सि.नं | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क र पि.एस बाहेक ) |
|---|---|---|---|---|
| १. | 13/NCB/WORKS/TDOSIRAHA/2081/82 | Kankalini Mnadir Saundryakaran karya, Dinabhadri Mandirko Bhawan Nirman ra Lohjara Dahko Paryatakyasthal Ko SaundryakaranHa.ka.Na.Pa-1,Tirhut gaa.paa 5,Saptari | **Rajdevi N.P. Nirman Sewa, Rajbiraj, Saptari** | २९,३७,६५५.२४/- |

कार्यालय प्रमुख


---

# बौद्धमा 'राष्ट्रिय बौद्ध तेमाल जात्रा' हुने

काठमाडौँ ।

बौद्ध तामाङ कल्याण गुठीको आयोजनामा चैत २९ गते विश्व सम्पदा सूचीमा सूचीकृत बौद्धनाथ क्षेत्रमा 'राष्ट्रिय बौद्ध तेमाल जात्रा' हुने भएको छ । चैत पूर्णिमाको अघिल्लो दिन मनाइने सो जात्रामा श्रद्धालु भक्तजनले रातभरि नै जाग्राम बसेर आफ्ना पितृको स्मरणमा बत्ति बालेर गुरुद्वारा पूजापाठ गर्ने आयोजक संस्थाका अध्यक्ष जनमङ्गल लामाले जानकारी दिए ।

यो जात्रामा विशेषगरी काभ्रेपलाञ्चोकको तिमाल क्षेत्रका तामाङलगायत मकवानपुर, ललितपुर, नुवाकोट, सिन्धुपाल्चोक र काठमाडौंे उपत्यकाका विभिन्न स्थानबाट तामाङ समुदायको उपस्थिति रहनेछ । तिमाल जात्रा मनाउन भारत, भूटान र बर्माबाट समेत भक्तजन आउने आयोजक समितिले जनाएको छ ।

मृतकको आत्माको चिरशान्तिको कामनासहित परापूर्वकालदेखि नै बौद्ध तिमाल जात्रा मनाउन थालिएको लामाले जानकारी दिए । विसं १८१९ मा तिमालका अन्तिम तामाङ राजा रिन्जिल दार्जे बलले चैत पूर्णिमालाई राजकीय चाडको मान्यता दिएको र तिमाल जात्रा सम्पन्न गर्न आफ्ना जनतालाई पठाउने गरेको जनश्रुति रहेको उनको भनाइ छ ।

मेलामा नेपाल र विदेशबाट करिब ६० हजार भक्तजनको सहभागिता रहने अपेक्षा गरिएको छ । तेमाल जात्रा तामाङ समुदायका विभिन्न चाडपर्व, उत्सव वा पूजामध्ये प्राचीन समयदेखि मनाउँदै आइरहेको प्रमुख पर्व भएको लामाले जानकारी दिए । काभ्रेको तेमाल क्षेत्रका तामाङ आफ्ना दिवङ्गत आत्मको चिरशान्तिका निम्ति बौद्ध महाचैत्यमा आई विशेष पूजाआजा गर्ने भएकाले यस जात्राको नाम तेमाल जात्रा रहन गएको बताइएको छ ।

# अनाथ बालबालिकालाई आवासीय सुविधासहित निःशुल्क शिक्षा

**डोटी ।**

अनाथ बालबालिकालाई आवासीय सुविधासहित निःशुल्क शिक्षा प्रदान गरिने भएको छ ।



जिल्लाको बडीकेदार गाउँपालिकाले वडा नं १ स्थित दुर्गा माध्यमिक विद्यालयमा देउलीमा छात्रावास सञ्चालन गरेर अभिभावकविहीन बालबालिकालाई खानेबस्ने व्यवस्थासहित निःशुल्क पठनपाठनको प्रबन्ध गरिने गाउँपालिकाले जनाएको छ ।

शैक्षिकसत्र २०८२ वैशाखदेखि सञ्चालन हुनेगरी तयारी गरिएको गाउँपालिका अध्यक्ष भैरवबहादुर साउदले बताए । उनले भने, 'अहिले गाउँपालिकाले पालिकाभित्र स्थायी बसोबास भएका आमा र बुबा दुवै नभएका आर्थिक रुपले विपन्न बालबालिकाका लागि निःशुल्क आवासीय सुविधासहितको पठनपाठनको व्यवस्था गरिने छ ।'

साथै कार्यक्रम सञ्चालन गर्नका लागि गाउँपालिकाका पाँचै वडाभित्र स्थायी बसोबास भएका कक्षा १ देखि १० सम्म अध्ययन गर्ने विद्यालय उमेर समूहका बालबालिकाले गाउँपालिकाका टुहुरा असहाय, आर्थिक रुपले विपन्न भएका विद्यार्थीका लागि आर्थिक सहायतासम्बन्धी कार्यविधि २०८१ निर्माण गरी तयारी गरिएको पनि अध्यक्ष साउदले बताए ।

गाउँपालिकाको टुहुरा असहाय, आर्थिक रुपले विपन्न भएका विद्यार्थीका लागि आर्थिक सहायतासम्बन्धी कार्यविधि २०८१ अनुसूची १ बमोजिम सातदिने सूचना निकाली अनाथ बालबालिकाको लागत सङ्कलन पनि भइसकेको अध्यक्ष साउदले बताए । गाउँपालिकाको गाउँ कार्यपालिकाबाट निर्णय गरी अनाथ बालबालिकालाई निःशुल्क पठनपाठन तथा खानबस्ने व्यवस्थाका लागि वैशाख, जेठ र असारका लागि चार लाख रुपैयाँ रकम विनियोजित गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बुढाले बताए । बाँकी रकम आर्थिक वर्ष २०८२ को अधिवेशनबाट विनियोजित गरी व्यवस्था गरिने पनि प्रमुख प्रशासकीय अधिकृत बुढाले बताए ।

गाउँपालिकाको शिक्षा शाखाको सहजीकरणमा अनाथ बालबालिकालाई निःशुल्क पठनपाठनका लागि पहल भइरहेको गाउँपालिका शिक्षा शाखाप्रमुुख विवेक देउवाले बताए । आवासीय रुपमा सञ्चालन गर्न र व्यवस्थापन गर्नका लागि एकजना कर्मचारी गाउँपालिकाले व्यवस्था गर्ने तथा बाँकी पठनपाठनका लागि सम्बन्धित विद्यालयले गर्नुपर्ने शिक्षा शाखाप्रमुख देउवाले बताए ।रासस

# मातृशिशु मृत्यूदर घटाउन मुलुक सफल

काठमाडौँ ।

मुलुकमा मातृ र नवजात शिशु मृत्यदर घटाउन राज्यलाई सफलता मिलेको छ । हालै सार्वजनिक भएको संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनमा नेपाल सरकारको सफलता उल्लेख छ । नेपालमा प्रतिलाख जीवित जन्ममा १ सय ४२ जना आमाको मृत्यु हुने गरेको छ । सन् २००० को तुलनामा यो ७१ प्रतिशतले कम हो । राष्ट्रिय जनगणना २०७८ मा एक लाख जीवित जन्ममा १ सय ५१ जना आमाको मृत्यु हुने गरेको उल्लेख थियो । प्रतिवेदनअनुसार नवजात शिशु मृत्युदर घटेर प्रतिएक हजारमा १६.६ जना पुगेको छ । आर्थिक सर्वेक्षण २०७९–८० मा नवजात शिशुमृत्युदर प्रतिएक हजारमा २१ रहेको थियो । सन् २०३० सम्ममा नवजात शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा १२ प्रतिशतले झार्ने लक्ष्य छ ।

मातृ तथा नवजात शिशुमृत्युदर घटाउन उल्लेखनीय प्रगति भए पनि प्रदेश र जिल्लाबीचका स्वास्थ्य असमानताले धेरै महिला गुणस्तरीय प्रसूति सेवाको पहुँचबाट वञ्चित भएका प्रतिवेदनमा जनाइएको छ । प्रतिवेदनअनुसार सन् २००० देखि २०२३ सम्ममा मातृ मृत्युमा विश्वव्यापी रूपमा ४० प्रतिशतले कमी आएको छ । सन् २०१६ पछि सुधारको गति सुस्त भएको छ ।

सन् २०२३ मा दुई लाख ६० हजार महिलाले गर्भावस्था वा प्रसूति हुने क्रममा जटिलताका कारण ज्यान गुमाएका छन् । विश्वव्यापी रूपमा मातृ मृत्युदर हरेक वर्ष झन्डै १५ प्रतिशतले घट्नुपर्छ तर हाल वार्षिक रुपमा यो करिब १.५ प्रतिशतले मात्र घटिरहेको प्रतिवदेनमा उल्लेख छ ।

# जसपा नेपाल अध्यक्षमा यादवको उम्मेदवारी

**मधेशदृष्टि**
**रौतहट ।**

बौधीमाई नगरपालिकाका पूर्व नगरप्रमुख राजीव रञ्जन यादवले जनता समाजवादी पार्टी नेपालको जिल्ला अध्यक्ष पदका लागि इच्छुक रहेको बताएका छन् । जसपा रौतहटका लोकप्रिय नेतासमेत रहेका यादवले बौधीमाई नगरपालिका–४ इनबारीस्थित निवासमा पत्रकारहरुसँग कुरा गर्दै आफू अध्यक्ष पदमा सर्वसम्मत वा निर्वाचन प्रकृयाबाट पनि तयार रहेको खुलासा गरे ।

जनता समाजवादी पार्टीका रौतहट जिल्लास्थित वरिष्ठ नेता गोविन्द चौधरी, रामकिशोर यादव (किशोरी यादव), अब्दुल कलाम आजाद भनिने शेख फुलबाबु र योगेन्द्र यादवले गरेको निर्णयसमेत आफू मान्न तयार रहेको बताए । उनले आफूलाई जिम्मेवारी दिन तयार भए अध्यक्ष पदमा सर्वसम्मत वा निर्वाचन प्रकृयाबाट पनि तयार रहेको बताए ।

जनता समाजवादी पार्टी नेपाल रौतहटको अधिवेशन जारी छ ।

# नाम्खामा ३९ हिउँ चितुवा भेटिए

**सुर्खेत ।**

डिभिजन वन कार्यालय हुम्लाको समन्वयमा उकाली तथा तेस्रो धुव्र संरक्षणले हिउँ चितुवाको अध्ययन गर्दा नाम्खा गाउँपालिकामा ३९ हिउँ चितुवा रहेको पत्ता लागेको छ ।

'क्यामरा ट्र्यापिङ' प्रविधिको प्रयोग गरेर सन् २०२२ देखि २०२३ सम्म दुर्लभ हिउँ चितुवाको संख्या गणना गरिएको थियो । अध्ययनअनुसार उत्तरी नाम्खा गाउँपालिकामा कम्तीमा ३९ हिउँ चितुवा रहेको पत्ता लागेका सहायक वन अधिकृत बाबुलाल बम्जनले राससलाई बताए ।

हिउँ चितुवा अनुसन्धानकर्ता रिन्जिन फुन्जोक लामाले नाम्खा क्षेत्रमा ६१ वटा क्यामेरा जडान गरेर हिउँ चितुवाको अध्ययन गर्दा ३९ हिउँ चितुवा कैद गरिएको बताए । हुम्ला सदरमुकाम सिमीकोटदेखि पाँच दिन पैदल हिँडेर लिमी पुगिसकेपछि घोडा खच्चरमा खानेकुरा बोकेर हिउँ चितुवा पाइने स्थानमा पुग्ने उनले जानकारी दिए ।

गाउँपालिका अध्यक्ष प्रेमबहादुर लामाले हिउँ चितुवाको तथ्याङ्क ल्याउने कार्य सकिएको बताए । यस्तै, माथिल्लो डोल्पामा हिउँ चितुवा पाइएसँगै हुम्लामा पनि पाइने अनुमानका आधारमा हिउँ चितुवाको गणनाको काम गरिएको थियो ।

# पेस्तोल र गाँजासहित गिरी समातिए




**राकेश यादव**
**रौतहट ।**

पहिलो पटक प्रहरीले ठूलो मात्रामा हतियारसहित लागुऔषध गाँजासहित कारोबारीलाई पक्राउ गरेको छ । छिमेकी जिल्लामा पटकपटक ठूलो मात्रामा लागुऔषध गाँजा बरामद भए पनि रौतहटमा यो पहिलोपटक बरामद भएको हो । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख प्रहरी उपरीक्षक दिलिप चिमिरेले मंगलबार आफ्नो कार्यकक्षमा पत्रकार सम्मेलन गरी ईशनाथ नगरपालिका वडा नम्बर १ स्थित झोलुङ्गे पुल नजिकबाट १ क्विन्टल ९ किलो ११ पोका लागुऔषध गाँजा र हतियारसहित पक्राउ परेकालाई सार्वजनिक गरे । विशेष सूचनाका आधारमा गएको प्रहरीको टोलीले नेपालबाट भारत लैजाँदै गरेको अवस्थामा ठूलो परिमाणको लागुऔषध गाँजासहित स्थानीय गौर नगरपालिका वडा नम्बर ४ का २१ वर्षीय सावन गिरीलाइ पक्राउ गरिएको जानकारी दिए । रौतहटको नाकाबाट लागुऔषध गाँजाको ठूलो तस्करी हुने गरेको पहिलाको सूचनाका आधारमा प्रहरीको विशेष टोली परिचालन गरिएकाले ठूलो सफलता मिलेको प्रहरी उपरीक्षक चिमिरेले बताए । केराबारीको बाटो प्रयोग गरी २–३ जना व्यक्तिले टाउकोमा पोको लिएर जाँदै गर्दा प्रहरीको गस्ती टोली देखेपछि कारोबारी भाग्रेक्रममा गिरी पक्राउ परेका हुन् । गिरीले लगाएको हाफ प्यान्टको बाँयातर्फको खल्तीमा राखेको ८ एमएमएकेएफ लेखिएको ३ राउन्ड गोली र दाहिनेतर्फ राखेको एक थान मोबाइल तथा एक थान गोली लोड गरिएको कट्टुवा पेस्तोल भूइँमा फेला परेको हो । लोड गरिएको गोली प्रहरीको टोलीमाथि प्रहार गर्न खोज्दा मिस भएको देखिएको प्रहरी उपरीक्षक चिमिरेको दाबी छ । एकवर्षका अवधिमा चिमिरेले पहिलोपटक यति मात्रामा लागुऔषध गाँजा बरामद गर्न सफल भएका हुन् । छिमेकी जिल्ला सर्लाही, बारा र पर्साबाट ठूलो मात्रामा गाँजा बरामद भइरहेका बेला रौतहटमा पनि समातु पर्ने सोच बनाएर लागेको कारण सफल भएको उनको भनाइ छ । गिरीलाइ लागुऔषध ओसार पोसार मुद्दामा सम्बन्धित निकायबाट अनुमति लिई थप अनुसन्धान भइरहेको र अन्य फरारको खोजतलास जारी रहेको प्रहरी उपरीक्षक चिमिरेले जानकारी दिए ।

# छिमेकी मारेर साधुका भेषमा बस्ने पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**

हत्यापश्चात साधुको भेषमा लुकिछिपी बसेका अपराधी १७ वर्षपछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा पर्साको विन्दवासिनी गाउँपालिका–२ का ६२ वर्षीय लोकनाथ साह तेली छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोका अनुसार २०६४ वैशाख २५ गते तेलीले साविकको बहुअर्वाभाठा–५ मा ढोडा मुखिया विनलाई जग्गासम्बन्धी विवादका विषयमा छलफल गर्न बोलाई गोली प्रहार गरेका थिए । हत्या गरेपश्चात तेली फरार थिए । सर्वोच्च अदालतको २०६९ कात्तिक २४ गतेको फैसला आदेशले साविक मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३ (१) बमोजिम सर्वस्वसहित जन्मकैद ठहर भएको थियो । हत्यापश्चात फरार रहेका उनी भारतस्थित चम्पारण पिपरियामा रहेको रामजानकी मन्दिरमा पुजारीका रुपमा १० वर्षदेखि साधुको भेषधारण गरी लुकिछिपी बस्दै आएका थिए । उनलाई चैत २५ गते पर्साको वीरगंजबाट पक्राउ गरिएको हो । तेलीलाई फैसला कार्यान्वयनका लागि पर्सा जिल्ला अदालतमा पेश गरिएको छ ।

# कलैयाका पूर्वअधिकृतविरुद्ध मुद्दा दायर

**मधेशदृष्टि**
**बारा ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार गरेको आरोपमा कलैया उपमहानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रह्लादप्रसाद बर्णवालसहित पाँच जनाविरुद्ध विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरेको छ । आयोगले मंगलबार कलैया उपमहानगरपालिकाका शिक्षा अधिकृत विजय अधिकारी, जिन्सी प्रमुख राजेश ठाकुर र लेखा अधिकृत दिव्या सर्राफविरुद्ध पनि मुद्दा दायर गरेको हो । कलैया उपमहानगरपालिकाका कर्मचारीले आर्थिक वर्ष २०७७–७८ र आर्थिक वर्ष २०७८–७९ का लागि सेनिटरी प्याड खरिदमा सागर बी फर्मा तथा फर्माका प्रोप्राइटर बिमलेश साहसँगको मिलोमतोमा भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता सहसचिव राजेन्द्रप्रसाद पौडेलले जानकारी दिए ।

# विद्युत् कर्मचारीको प्रभातफेरी

**मधेशदृष्टि**
**वीरगंज ।**

नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रले विद्युत् सुरक्षा दिवसको अवसरमा मंगलबार प्रभातफेरी गरेको छ । प्राधिकरणले विद्युत् सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले वीरगंजमा कार्यक्रम गरेको हो । वीरगंज वितरण केन्द्रका प्रमुख अवधेश कुमार दुबेको अध्यक्षतामा सम्पन्न प्रभातफेरी पावरहाउस चोकबाट शुरु भई मुर्ली हुँदै घण्टाघरसम्म पुगेर पुनः पावरहाउस चोकमा आएर समापन भएको थियो । प्रभातफेरीमा सहभागी कर्मचारीले विद्युत् सुरक्षासम्बन्धी नारा लेखिएका ब्यानर र प्लेकार्ड बोकेका थिए । कार्यक्रममा विद्युत् उपकरणको सुरक्षित प्रयोग, विद्युत् दुर्घटनाबाट बच्ने उपायलगायतका विषयमा जानकारी गराइएको थियो । नेपाल विद्युत् प्राधिकरण कर्मचारी सङ्घ वीरगंज इकाइ समितिका प्रमुख सन्तोष कुमार झाले कार्यक्रमबारे जानकारी दिएका थिए । प्रभातफेरी कार्यक्रममा नेपाल विद्युत् प्राधिकरण वीरगंज शाखाका कर्मचारीको उल्लेख्य सहभागिता थियो ।

# राजाबाट धोका पाएकाले राजतन्त्र फर्किन्नः महत



**मधेशदृष्टि**
**राजविराज ।**

नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले नेपाली जनतालाई राजाले पटकपटक धोका दिएका कारण अब राजतन्त्र फर्किने कुनै सम्भावना नरहेको दाबी गरेका छन् । मंगलबार राजविराजस्थित नेपाली कांग्रेस पार्टी कार्यालयमा नेपाल प्रेस युनियन सप्तरीद्वारा आयोजित पत्रकार सम्मेलनमा उनले यस्तो दाबी गरेका हुन् । 'नेपाली जनताले राजतन्त्रबाट विभिन्न कालखण्डमा धोका मात्र पाएका छन्,' डा. महतले भने, 'अब फेरि राजतन्त्रलाई जनताले किमार्थ स्वीकार्ने छैनन् ।' गणतन्त्रविरुद्ध कतैकतै बिरोधका स्वरहरु सुनिन थालिएको स्वीकार गर्दै उनले सरकारले आफ्नो कमीकमजोरी भए त्यसलाई सुधारेर जनविश्वास कायम गर्दै अघि बढ्नु आवश्यक रहेको सुझाव दिए । विद्यमान संघीय लोकतान्त्रिक शासन व्यवस्थाको विकल्प नरहे पनि कतैकतैबाट आउने बिरोधलाई रोक्न शासन शैलीमा भएका कमीकमजोरी हटाउँदै अघि बढ्नु पर्ने उनको भनाइ थियो । पार्टीको महाधिवेशनबारे सोधिएको जिज्ञासामा नेपाली कांग्रेसका केन्द्रिय सदस्यसमेत रहेका नेता महतले आगामी मंसिरमा पार्टी अधिवेशन भएको चार वर्ष पुग्ने भए पनि थप एक वर्ष बढाइने संकेत गरे । 'विधान तहत थप एक वर्ष बढाउन हामीलाई सुविधा छ,' उनले भने, 'यसबारे केन्द्रीय समितिको बैठकबाट टुंगो लगाउन बाँकी नै छ ।' पार्टीमा संगठन भन्दा पनि कतैकतै व्यक्तिवादी चरित्र हावी हुन थालेको टिप्पणी गर्दै उनले व्यक्तिगत स्वार्थ भन्दा पनि पार्टीको हितलाई प्राथमिकतामा राखेर काम गर्न आवश्यक रहेको बताए । प्रेस युनियन सप्तरीका अध्यक्ष बिनयलाल कुमार कर्णको अध्यक्षतामा आयोजित पत्रकार सम्मेलनमा नेपाली कांग्रेस सप्तरीका सभापति रामदेव साह, उपसभापति रामकुमार यादव, सचिव सनत मण्डललगायतको समेत उपस्थिति थियो ।

# नमूना महायज्ञ, दलितको सहभागिता

**मधेशदृष्टि**
**सर्लाही ।**

चन्द्रनगर गाउँपालिका–२ स्थित बबरगंज पर्ती बजारमा जातीय समावेशिता र सामाजिक एकताको अनुपम उदाहरण प्रस्तुत गर्दै दलित र गैरदलित समुदायले संयुक्त रुपमा 'सीताराम महायज्ञ' आयोजना गरेका छन् । यो धार्मिक समारोह जातीय भेदभाव अन्त्य गरेर सामाजिक सद्भावका लागि गहिरो सन्देश दिनका लागि आयोजना गरिएको हो । सवारी कुटी हनुमान मन्दिर परिसरमा सञ्चालन भइरहेको महायज्ञमा सबैलाई जातका आधारमा कुनै अवरोध राखिएको छैन ।

महायज्ञका विभिन्न क्रियाकलापमा दलित समुदायका सदस्यले समान रूपले सक्रिय सहभागिता जनाएका छन्, जसमध्ये मुसहर समुदायका व्यक्तिले चरु हाल्ने कार्यमा भाग लिएका छन् । महायज्ञको आयोजनामा पासवान समुदायका मनोज पासवान नेतृत्व गर्दै छन् र आयोजनाको संरचना समावेशी रूपमा तयार गरिएको छ ।

# भेन्टिलेसनबाट छिरेर मन्दिरमा चोरी

**मधेशदृष्टि**
**राजविराज ।**

नगरको मुद्मा रहेको राजविराज–७ हटिया बजारस्थित लक्ष्मी नारायण राधाकृष्ण मन्दिरमा रहस्यमय ढंगले चोरी भएको छ । मूलपुजारी रत्नेश्वर झाका अनुसार मन्दिरमा रहेको दानपेटिका तथा इस्कान राजविराजद्वारा सञ्चालित धार्मिक पुस्तक पसलको काउन्टरको ताला फुटाएर नगद रकम चोरले लगेका छन् । पुस्तक काउन्टरबाट पुस्तक बिक्री गरेवापतको डेढ–दुई हजार रुपैयाँ तथा दानपेटिकामा राखिएको सबै रकम चोरी भएको मूलपुजारी झाको कथन छ । दानपेटिका २०८१ मंसिरदेखि खोलिएको थिएन । मन्दिर दर्शन र पूजाआजाका लागि ५ महिना यता आएका भक्तजनले दानपेटिकामा ठूलै रकम खसालेको अनुमान गरिए पनि यकिन रकम भन्न कठिन भएको मन्दिर व्यवस्थापन समितिका सचिव वीरेन्द्र गुप्ताले बताए । उनका अनुसार सोमवार मध्यरातितिर मन्दिरको अग्रभागमा रहेको भेन्टिलेसनबाट चोर भित्र पसेको र पुस्तक काउन्टर तथा दानपेटिकाको ताल्चा फुटाएर रकम चोरी गरी लगेको पाइएको छ । मंगलबार बिहान मन्दिरको ढोका खोल्न आउँदा माल चोरी भएको थाहा पाएको मूलपुजारी झाले बताए । उनले भगवानको घरमा यस्तो घटना हुनुले आफूलाई पनि चकित बनाएको बताए । मन्दिर परिसरमा सिसी क्यामेरा जडान नभएकाले पनि चोरको पहिचान गर्न कठिन भएको मन्दिर व्यवस्थापन समितिका सचिव गुप्ताले सुनाए । मन्दिरमा रातिका समयमा कोही पनि नबस्ने पनि चोरालाई चोरी गर्न सहज भएको स्थानीय उमाकान्त साहको भनाइ छ । राजविराजको प्राचीन मन्दिरमध्येका एक मन्दिर परिसरमा शौचालय तथा बाथरुमको सुविधा नहुँदा रातिको समयमा पुजारी पनि आआफ्नै घरमा जाने र बिहानपख मात्र आउने गरेका छन् । यही मौका छोपेर चोरले सम्पत्ति चोरी गरी लगेको स्थानीयको भनाइ छ । केही समयअघि राजविराजस्थित शनि मन्दिरमा समेत चोरले दानपेटिका फुटाएर हजारौं रकम चोरेर लगेका थिए । चोर पत्ता नलाग्दै पुनः अर्को मन्दिरमा त्यस्तै प्रकृतिको घटना भएको हो । मन्दिरमा एक पछि अर्को चोरीका घटना हुन थालेपछि यस क्षेत्रमा सिसिटिभी क्यामेरा जडान तथा सुरक्षा निगरानी बढाउन स्थानीयले माग गरेका छन् ।

# पत्रकारको मोटरसाइकल चोरी

**मधेशदृष्टि**
**बारा ।**

वीरगंजबाट प्रकाशित हुँदै आएको भोजपुरी टाइम्स दैनिक पत्रिकाका बारा संवाददाता सञ्चारकर्मी प्रभु यादवको मोटरसाइकल सदरमुकाम कलैयामा चोरी भएको छ । कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको शिक्षा शाखा, कृषि तथा सामाजिक शाखाअगाडि पार्किङ गरिराखिएको ना४५ प ९२७२ नम्बरको यामाहा मोटरसाइकल मङ्गलबार दिउँसो चोरी भएको यादवले बताए । यादवले मोटरसाइकल चोरी भएको जानकारी बारा प्रहरीलाई गराएका छन् । बारा प्रहरीले मोटरसाइकल चोरको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता, प्रहरी नायब उपरीक्षक (डिएसपी) विजयराज पण्डितले जानकारी दिए ।

# दलित बस्तीका ५ घर जलेर नष्ट

**मधेशदृष्टि**
**सिरहा ।**

लहान नगरपालिका–१२ भोटियाटोलमा आगलागीबाट दलित मुसहर समुदायको ५ घर जलेर नष्ट भएको छ । विद्युत् सर्ट भएर आगलागी भएको स्थानीयले जनाएका छन् । आगलागीबाट सौदागर सदाय, रासलाल सदाय, लवकुश सदाय, कनकी सदाय र भुटनी सदायको घर जलेर पूर्वरुपमा नष्ट भएको वडा अध्यक्ष बद्री नारायण चौधरीले जानकारी गराए । घरमा भएको अन्न, खाद्यान्न, लुगाफाटो, भाँडाकुँडासमेत जलेका छन् । घर जलेपछि उनीहरू खुला आकाशमुनि बस्न बाध्य भएका छन् । आगलागीबाट मुसहर समुदाय ५ परिवार पीडित भएको जानकारी पाएपछि मेयर महेश चौधरीले राहत सामग्री लिएर गाउँमै पुगेका छन् । तत्कालै अस्थायी घर बनाउन जस्तापाता सहयोग गर्ने मेयर चौधरीले बताए ।

# परोहाको तेजापाकडमा विष्णु महायज्ञ हुने



**मधेशदृष्टि**
**रौतहट ।**

परोहा नगरपालिका–३ तेजापाकडस्थित विष्णुमहायज्ञको तयारी अन्तिम अवस्थामा पुगेको छ । विश्व कल्याणका लागि हुन लागेको महायज्ञको कलश यात्रा चैत मसान्तमा हुनेछ । बौधीमाई मन्दिर परिसरमा हुनलागेको यज्ञमा करिब ३५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । आयोजक समितिका प्रमुख रसिक रामचन्द्र दासले दिएको जानकारी अनुसार यज्ञलाई सभ्य ,भव्य एवम् विधिपूर्वक सम्पन्न गर्न परोहा नगरपालिका र अन्य स्थानीय दाताले आफूखुसी सहयोग गरिरहेका छन् । २३ कुण्डीय विष्णु महायज्ञका लागि आवश्यक विशाल मण्डप स्थानीय जनताले बनाएको यज्ञका प्रमुख आचार्य गौरी शंकर तिवारीले बताए । विष्णु महायज्ञ यज्ञको आगामी वैशाख ९ गते समापन हुनेछ ।

# पूर्व गाविस अध्यक्ष राजवंशीको निधन

**मधेशदृष्टि**
**रौतहट ।**

राजदेवी नगरपालिका वडा नम्बर–२, हजमिनियाका पूर्वगाविस अध्यक्ष हरिमान राजवंशीको निधन भएको छ । उनको उपचारक्रममा काठमाडौँमा निधन भएको हो । उनको निधनले हजमिनिया गाउँवासी नै शोकाकुल भएको छ । उनले गाउँका लागि दिएको समय २०२८ सालदेखि २०४६ सालसम्मको लगातार पञ्चायती व्यवस्थाको गाउँ पञ्चायतको प्रधानपञ्च (मुखिया) र फेरि मुलुकमा प्रजातन्त्र बहाली भएपछि २०५४ सालदेखि



२०५९ सालसम्म गाविस अध्यक्षमा जितेर पूरै आफ्नो जीवनकाल जनताको सेवामा व्यतीत गरे । गाविसका लागि दिएको मायास्नेह, प्रेम र गाउँका लागि गरेको विकासप्रति गाउँका जनता सधैँ सम्झिरहनेछन् ।

सम्पादकीय

# बिर्सिँदै जान लागेको जनआन्दोलन दिवस

*नेपालमा प्रजातन्त्र पुनर्बहाली भएको दिन चैत २६ गते अर्थात् जनआन्दोलन दिवस हो । केही आक्कलझुक्कल कार्यक्रम गरेर दिवस मनाइएको छ। राजनीति परिवर्तनको महत्वपूर्ण दिनलाई पनि कम सम्झने बानी हामीमा विकास हुँदै गएको छ । विसं २०४६ चैत २६ गते ३० वर्षीय पञ्चायती शासन व्यवस्थाको अन्त्य गर्दै प्रजातन्त्र पुनःस्थापना भएको थियो । विसं २०१७ पुस १ गते राजा महेन्द्रले शुरू गरेको पञ्चायती व्यवस्थाको अन्त्य विसं २०४६ चैत २६ गते भएको थियो। यस अर्थमा चैत २६ को महत्व कम छैन।*

*नेपाली कांग्रेसको नेतृत्वमा संयुक्त बाममोर्चाले संयुक्त रूपमा आन्दोलन गरी ३० वर्षे पञ्चायती व्यवस्थाको अन्त्य गरेका थिए। विसं २०४६ चैत २६ गतेदेखि नेपालमा बहुदलीय शासन व्यवस्थाको पुनःस्थापना भएको हो । कांग्रेस नेता गणेशमान सिंहको नेतृत्वमा भएको जनआन्दोलन ५० दिनसम्म चलेको थियो । अहिलेका पुस्तालाई गणेशमान सिंहबारे पनि जानकारी नहुन सक्छ । यसरी हामी इतिहास बिर्सेर दक्षिण एसियामै खुशी हुने नागरिकको देश बनाइरहेका छौँ। धेरैलाई मधेश आन्दोलन नै पनि याद नहुन सक्छ। विसं २००७ फागुन ७ गते नेपालमा प्रजातन्त्र स्थापना भएको दिनको अवसर पारी विसं २०४६ फागुन ७ गतेदेखि आन्दोलन शुरु भएको थियो। यो आन्दोलन विसं २०४६ चैत २६ गते अन्त्य भएको हो । तत्कालीन राजा वीरेन्द्रले देशवासीका नाममा सम्बोधन गर्दै चैत २६ गते बहुदलीय व्यवस्थाको पुनःस्थापना गरेका थिए । शासकहरु झुकेका थिए।*

*विसं २०४६ चैत २६ गते दलमाथिको प्रतिबन्ध हटाई बहुदलीय व्यवस्थाको स्मृतिमा प्रत्येक वर्ष चैत २६ गते विभिन्न कार्यक्रम गरी जनआन्दोलन दिवसका रूपमा मनाउने गरिन्छ । तर अचेल जनआन्दोलन दिवस औपचारिकतामा सीमित हुन थालेको छ । यसरी इतिहास नै मेटेर हामी कस्तो राजनीतिक उपलब्धीमा रमाउन खोज्दैछौँ । उसो र बिपीका शालिक हटाउने काम पनि देशमा भइसकेकाले अबको पुस्तालाई राजनीतिक इतिहास पढाउनु पर्ने भएको छ।*

# मन्त्रीपरिषद्‍मा ३३ प्रतिशत महिला आवश्यक

महिलाका सवालमा संविधान पूर्ण रूपमा कार्यान्वयन भएको छैन। संविधानको धारा ३८ को 'महिलाको हक'मा 'राज्यका सबै निकायमा महिलालाई समानुपातिक, समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ' भनिए पनि त्यसको पूर्ण रूपमा कार्यान्वयन हुनसकेको छैन। त्यसैगरी प्रतिनिधिसभाको सवालमा धारा ८४ मा व्यवस्था गरिएको 'सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एकतिहाइ महिला हुनुपर्ने' व्यवस्था भने कार्यान्वयन भएको छ। यी विषय मन्त्रिपरिषद् गठनको सवालमा पनि लागू हुनुपर्छ । धारा ९१ र ९२ पनि संशोधन गरेर महिलामैत्री बनाउन जरुरी छ । महिला, दलित, मधेशी, आदिवासी, जनजातिलगायत उत्पीडित समुदायको सवालमा भएका संवैधानिक अधिकारको कार्यान्वयनसँगै थप अधिकारको निम्ति एकजुट भएर सङ्घर्ष गर्नुपर्ने बेला पनि आएको छ ।देशमा रोजगारी सृजनाका लागि सरकारले योजना बनाएर कार्यान्वयन गर्नुपर्छ । हचुवाका भरमा सरकार अगाडि बढ्नु हुँदैन । जनताका काम आवश्यकताका आधारमा गर्नुपर्छ । अहिले जनताले रोजगारी खोजिरहेका छन्, उनीहरूलाई रोजगारीको व्यवस्था गर्नका निम्ति बन्द भएका उद्योग सञ्चालन गर्नुपर्छ । बन्द हुने अवस्थामा पुगेका कलकारखानालाई सरकारले जोगाउन सक्नुपर्छ । सङ्घीय सरकारले पछाडि पारेको कर्णाली प्रदेशलाई बजेटमा प्राथमिकता दिनुपर्छ । यो प्रदेशको विकासका लागि मेरो तर्फबाट पहल गरिरहेकी छु । यो प्रदेशबाट प्रतिनिधित्व गर्ने सबै माननीयहरूले प्रदेशको विकासका लागि पहल गर्नुपर्छ । समृद्ध कर्णाली, सुखी कर्णाली बनाउने मेरो सपना छ।

सांसद भएको एक वर्ष भयो। नेपालको संविधानले राष्ट्रियसभाको व्यवस्था गरेको छ । संविधानले राष्ट्रियसभालाई स्थायी प्रकृतिको व्यवस्थापकीय अङ्गका रूपमा परिकल्पना गरेको छ । संविधानले नै खासगरी सीमान्तकृत, लोपोन्मुख समुदायको राष्ट्रको शासन व्यवस्थामा सहभागिता गराई समावेशी र लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र विकासका लागि राष्ट्रियसभाको आवश्यकता औँल्याएको छ । हामी राष्ट्रियसभाका सांसद, प्रदेशसभाका सदस्य, स्थानीय तहका प्रमुख र उपप्रमुखको मतबाट सांसद बनेका हौँ। प्रदेशसभाका सदस्य, स्थानीय तहका प्रमुख र उपप्रमुखको निर्वाचनमण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा तीन महिला, एक दलित र एक अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित आठ जना गरी ५६ जना निर्वाचित गरेको हो । सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा एक जना महिलासहित तीन जना गरी राष्ट्रियसभामा हामी ५९ सदस्य रहेका छौँ।




मुख्य गरी राष्ट्रियसभाले प्रदेशको न्यायोचित प्रतिनिधित्व व्यस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशलता र प्रभावकारिताको सन्तुलन समेतलाई सम्बोधन गर्छ। एक वर्षको अवधिभरि संविधानअनुरुप कानून बनाउने काम केन्द्रित भएकी छु । त्योसँगै जनताका सवाललाई संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउँदै आएकी छु । अस्थिर सरकार भएका कारण संविधानअनुसार सबै कानून बन्न सकेका छैनन्। यद्यपि, राष्ट्रियसभामा टेबुल भएका कुनै पनि विधेयकलाई रोकिएको छैन। यो सभामा आएका विधेयकलाई हामीले गहिरो गरी अध्ययन गरेर, छलफल गरेर मात्र पारित गर्ने गरेका छौँ। ऐन, कानून वा नियम बनाउँदा यो सभाले सकेसम्म समावेशिताको विषयमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। राष्ट्रियसभाको मुख्य विशेषता भनेको सभा समयमै सञ्चालन गर्नु हो।

म राष्ट्रियसभाअन्तर्गतको 'विकास, आर्थिक मामिला तथा सुशासन' समितिको सदस्यमा रहेर काम गरिरहेकी छु । यो समितिले नेपालको अर्थव्यवस्था, सार्वजनिक वित्त, पूर्वबजेट छलफल, शासकीय सुधार तथा सुशासन प्रवद्र्धन, सूचना प्रविधि तथा नवप्रवर्तनसम्बन्धी विषयमा काम गर्ने गरेको छ। समितिले विकास आयोजना, दिगो विकास, समन्वायिक एवं सन्तुलित विकास, लगानी र जनसङ्ख्या व्यवस्थापनमा पनि काम गर्दै आएको छ । समितिको पनि मुख्य विशेषता भनेको समयमै बैठक शुरू गर्नु हो। अहिलेसम्म गणपूरक नपुगेर बैठक स्थगन गर्नुपरेको छैन। कुनै पनि विषयमा विस्तृत रूपमा छलफल हुन्छ। स्थानीय, प्रदेश र सङ्घीय सरकारबीच एकरुपता र समन्वय नभएका कारण संविधानको पूर्ण कार्यान्वयन हुनसकेको छैन। नेपालको संविधानको धारा १६ देखि ४६ सम्म ३१ वटा मौलिक हकको व्यवस्था गरिएको छ। मौलिक हकअन्तर्गतका कतिपय कानून बन्न बाँकी छ । संविधानलाई आवश्यकताका आधारमा संशोधन गरेर समय सान्दर्भिक बनाउनुपर्छ। जस्तो संविधानको धारा ७० मा 'राष्ट्रपति र उपराष्ट्रपति फरक–फरक लिङ्ग वा समुदायको हुने' भनिएको छ। यसलाई संशोधन गरेर राष्ट्रपति र उपराष्ट्रपतिमध्ये एक जना अनिवार्य महिला हुनुपर्ने व्यवस्था गर्नुपर्छ। यद्यपि हाम्रो पार्टीले संविधान संशोधन गर्नुपर्ने विषयका बारेमा नेता तथा सांसद प्रकाश ज्वालाको नेतृत्वमा कार्यदल गठन गरेको । कुन–कुन विषयमा संशोधन गर्नुपर्ने भन्ने विषय पार्टीले छिट्टै टुङ्गो लगाउने छ।

सङ्घीयतालाई अझै सुदृढ र बलियो बनाउनका लागि सदाचार नीति बनाएर कार्यान्वयन गर्नुपर्छ। राजसंस्था अन्त्यका लागि नेपाली जनताले ठूलो बलिदान गरेका छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्र यत्तिकै आएको होइन। राजसंस्थावादीले सडकमा उर्फिँदैमा व्यवस्था परिवर्तन हुँदैन। विसं २०६२–६३ को जनआन्दोलनले राजतन्त्रको अन्त्य गर्दै देशमा गणतन्त्र आएको हो। यो शासन जनता आफैँले ल्याएको शासन हो । अहिलेको शासन व्यवस्था भनेको सामान्य जनताको छोरा राष्ट्रप्रमुख हुने व्यवस्था हो । राजसंस्था ल्याउन सहज छैन। आउँदा पनि आउँदैन। यही सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझै परिमार्जन र बलियो बनाएर अगाडि बढ्नुको विकल्प छैन । यद्यपि लोकतन्त्रमा फरक मत राख्न पाइन्छ।

# ताप्लेजुङका हिमालका चुचुरामा मानव पाइला पुग्दै



दिलकुमार लिम्बु

हिमालको जिल्ला ताप्लेजुङ । जिल्ला सदरमुकाम फुङ्लिङबाट पूर्वतर्फ दृष्टि लगाउनेबित्तिकै अग्ला र आकर्षक देखिन्छ– कञ्चनजङ्घा हिमाल । केही पश्चिम फर्केर हेर्दा आँखै अगाडि देखिन्छ कुम्भकर्ण (फक्ताङलुङ) हिमाल । यी दुवै हिमाली श्रृङ्खलाका वरिपरि सयौँ सानाठूला अन्य हिमाल छन्, जसको अनुपम सौन्दर्य जोकोहीलाई मोहित पार्ने खालको छ।

गत साता शार्फु–४ पिकमा पहिलोपटक मानव पाइल पुग्न सफल भएको छ । चिलीका एक विदेशी नागरिक हर्नान लील, पवतारोही लाक्पाछिरिङ शेर्पा, नादा शेर्पा र फोटोग्राफर पूर्णिमा श्रेष्ठले छ हजार ४ सय ३३ मिटर उचाइका शार्फु–४ हिमालको पहिलोपटक आरोहण गर्न सफल हुनुभएको थियो । गत कात्तिकमा चार दक्षिण कोरियन नागरिकले छ हजार ३ सय २८ मिटर उचाइमा रहेको शार्फु–५ पिक (हिमाली)को पहिलोपटक सफल आरोहण गरेको थियो।

पवतारोही नादा शेर्पाको अगुवाइमा शार्फु–४ र शार्फु—५ पिकको सफ आरोहण भएको हो। शार्फु–१ देखि छवटा पिक रहेको छ। आरोहणका लागि सरकारले खुला गरेको छ। तर अन्य तीनवटा पिक भने आरोहण भएको छैन । अन्य पिकमा समेत आरोहणको तयारी भइरहेको पर्वतारोही शेर्पाले बताउनुभयो । उहाँले भन्नुभयो, "काठमाडौँ जानका लागि फुङ्लिङ आएको छु । काठमाडौँबाट अर्को पिक आरोहण गर्ने टोली लिएर आउने छु ।" जिल्लामा पर्वतारोण, साहसिक पर्यटकको सम्भावना रहेको शेर्पाले बताउनुभयो । तर सरकारले यस क्षेत्रमा चासो नदेखाएकामा दुःख लागेको उहाँले गुनासो गर्नुभयो।

'जिल्लाका स्थानीय सरकारले प्रत्येक वर्ष पर्यटन प्रवद्र्धनको नाम मेला महोत्सव आयोजना गरेर ठूलो धनराशि खर्च गर्दै आएको छ। तर यस्ता खालका मेला महोत्वसवले अन्तरिक तथा बाह्य पर्यटक प्रवद्र्धन हुँदैन ।' विदेशी तथा स्वदेशी पर्वतारोहीलाई प्रोत्साहन गर्ने, हिमालहरूको प्रचारप्रसार गर्ने तथा पदमार्ग सहज बनाउने कार्यक्रम गर्न आवश्यक रहेको शेर्पाले बताउनुभयो । नेपाल पर्यटन बोर्डका अनुसार ताप्लेजुङमा पाँच हजारदेखि आठ हजार ५ सय ८६ मिटरसम्मका हिमाल–पिक ४८ वटा आरोहणका लागि खुला गरको छ।

फक्ताङ्लुङ गाउँपालिका–७ ओलाङचुङ्गोला क्षेत्रमा दुई र याङमा क्षेत्रमा चारवटा पिक आरोहणका लागि खुला गरिएको छ। पाँच हजार ७ सय ४० मिटरको लुम्बा सुम्बा पिक र छ हजार ५ सय मिटरको लुम्बुम्बा पिक ओलाचुङगोला क्षेत्रमा पर्छ। यस्तै याङमा क्षेत्रमा छ हजार ५ सय ४७ मिटर उचाइको नाङ्गामरी–१, छ हजार २ सय ९ मिटर उचाइका नाङ्गामरी–२, छ हजार ८ सय ३९ मिटरको उचाइका ओहोमी गाङ्का र छ हजार २ सय ४४ मिटरका पाबुक काङ (काङ्टा) पिक आरोहणका लागि सरकारले खुला गरेको छ।

सिरिजङ्घा गाउँपालिकाको याम्फुदिन क्षेत्रमा पाँचवटा हिमाल आरोहणका लागि खुला गरिएको छ। आठ हजार ५ सय ८६ मिटर उचाइको कञ्चनजङ्घा प्रमुख, आठ हजार ४ सय ७४ मिटर उचाइमा रहेको दक्षिण कञ्चनजङ्घा, छ हजार १ सय ४८ मिटर उचाइको कोक्थाङ पिक, छ हजार ६ सय ८२ मिटरको रामथोङ पिक सरकारले आरोहणका लागि खुला गरेको छ। त्यस्तै, सात हजार ४ सय १२ मिटर उचाइका काब्रु सेन्ट्रल र सात हजार ३ सय १८ मिटर उचाइको काब्रु पिकसमेत आरोहणका लागि खुला गरिएको छ। फक्ताङलुङ गाउँपालिका–६ घुन्सा क्षेत्रमा ३७ वटा हिमाल–पिक आरोहणका लागि खुला गरिएको छ। जिल्लाको प्रमुख विश्वको तेस्रो अग्लो कञ्चनजङ्घा हिमाल यसै क्षेत्रमा पर्छ । यसको उचाइ आठ हजार ५ सय ८६ मिटर छ । सन् १८५२ सम्म यो हिमाललाई विश्वको सबैभन्दा अग्लो मानिएको थियो । तर, सन् १८४९ मा भारतको त्रिकोणमितीय सर्वेक्षणका अध्ययनअनुसार सगरमाथा सबैभन्दा अग्लो भएको पुष्टि भएपछि सन् १८५६ मा कञ्चनजङ्घालाई औपचारिक रूपमा विश्वको तेस्रो अग्लो हिमाल घोषणा गरियो । कञ्नजङ्घा हिमाल सन् १९५५ मा बेलायती पर्वतारोही जो ब्राउन र जर्ज ब्यान्डले २५ मेका दिन पहिलोपटक सफल आरोहण गरेका थिए। धार्मिक आस्थालाई सम्मान गर्दै उहाँहरूले हिमालको चुचुरो यथावत राख्ने परम्परा शुरू गरे, जुन आजसम्म पालना हुँदै आएको छ।

कञ्चनजङ्घाको पाँच प्रमुख चुचुरा रहेका छन् । कञ्चनजङ्घा मुख्य आठ हजार ५ सय ८६, कञ्चनजङ्घा पश्चिम (यालुङ याङ) आठ हजार ५ सय ५ मिटर, कञ्चनजङ्घा मध्य आठ हजार ४ सय ८२ मिटर, कञ्चनजङ्घा दक्षिण आठ हजार ४ सय ९४ मिटर र काङबाचेन सात हजार ९ सय ३ मिटर रहेको छ । सरकारले यी पाँचवटै प्रमुख चुचुरामा आरोहण खुला गरेको छ। ताप्लेजुङकै कुम्भकर्ण विश्वको ३२औँ अग्लो र नेपालको १५औँ अग्लो हिमाल हो। यसको उचाइ सात हजार ७ सय १० मिटर छ। यसको मौलिक रैथाने तथा प्राचीन नाम फक्ताङ्लुङ हो । किरात धर्मावलम्बीले आफ्नो आस्थाको केन्द्र पनि मानेका देखिन्छ। कुम्भकर्ण हिमाल पहिलोपटक सन् १९६२ मा एक फ्रान्सेली टोलीले आरोहण गरेको थियो।

पर्वतीय पथप्रदर्शक सङ्घ नेपालका अध्यक्ष सन्दीप गुरुङका अनुसार ताप्लेजुङलगायत छ हजार मिटर उचाइको हाराहरीको हिमाल–पिक आरोहण गर्नका लागि पाँचदेखि छ जनाको समूहका लागि १५ लाख रुपैयाँ खर्च हुन्छ । 'पाँच जनाको समूहमा दुई जना पथप्रदर्शक आवश्यक हुन्छ । पथप्रदर्शकलाई दैनिक पारिश्रमिक चार हजार रुपैयाँदेखि छ हजारसम्म खर्च हुन्छ,' उनले भन्नुभयो । व्यक्तिगत आवश्यक सामग्री ६० हजार रुपैयाँ भन्दा बढी लाग्छ। हिमाल आरोहण गर्न पहिला प्रशिक्षण तथा टे«निङ लिनुपर्ने हुन्छ। आरोहण गर्ने साहस जोकोहीले गर्न सक्ने गुरुङले बताउनुभयो।

जिल्लामा अवस्थित पाँच हजारदेखि सात हजारसम्मका पिक नेपाली नगरिकले आरोहण गर्न प्रतिव्यक्ति पाँच लाख रुपैयाँदेखि माथि खर्च हुने पदप्रर्दशक नादा शेर्पाको भनाइ छ। पर्वतीय पथप्रदर्शक सङ्घ नेपालका अनुसार नेपालको हिमाल आरोहण विश्वभरका पर्वतारोहीका लागि एक अद्भूत अनुभव हो। तर, यो साहसिक यात्राका लागि धेरै तयारी, योजना र आर्थिक स्रोत आवश्यक पर्छ । हिमाल आरोहणको लागत हिमालको उचाइ, मौसम, आवश्यक गाइड तथा शेर्पाहरूको संख्यालगायत विभिन्न कारकमा निर्भर गर्छ। उचाइ बढ्दै जाँदा खर्च पनि बढ्ने गर्छ।

पथप्रदर्शक (गाइड) र शेर्पा शुल्क, मुख्य गाइड, शेर्पा (बोझ बोक्ने सहयोगी), आधार शिविर व्यवस्थापक अनुमति शुल्क आरोहण गर्न सरकारले तोकेको शुल्क तिर्नुपर्छ, जुन हिमालको उचाइअनुसार फरक हुन्छ । पर्वतारोहण जोखिमपूर्ण भएकाले गाइड, शेर्पा तथा आरोहीको बिमा गर्नुपर्छ। काठमाडौँबाट ताप्लेजुङको फुङ्लिङ, त्यसपछि पदयात्रा वा हेलिकप्टर भाडा, आवश्यक सामग्री (गियर) खरिद वा भाडा, खाना र आवास, आधार शिविर र बाटोभरि होटल तथा टेन्टको व्यवस्थापनमा खर्च हुने छ।

हिमाल आरोहण रोमाञ्चक र चुनौतीपूर्ण यात्रा हो, जसमा उचित तयारी आवश्यक पर्छ । विशेषगरी हिमाली क्षेत्रमा बढ्दो जलवायु परिवर्तनको असर, सुरक्षाजन्य चुनौती र खर्च व्यवस्थापनबारे सचेत हुनुपर्छ। आवश्यक सामग्री, उचित तालिम र अनुभवी गाइडका साथमा यात्रा गरे आरोहण सुरक्षित र सफल बन्ने पथप्रदर्शकको भनाइ छ।

हिमालको प्रवद्र्धन गर्न महोत्सव हुँदै ताप्लेजुङका दुई स्थानीय तहमा मात्र हिमाल रहेका छन् । फक्ताङ्लुङ गाउँपालिका ४३ वटा हिमाल र सिरिजङ्घा गाउँपालिकाका पाँचवटा हिमाल आरोहणका लागि खुला गरिएको छ। अहिले यी दुई पालिका हिमालको प्रवद्र्धन गर्न पर्यटन महत्वसको तयारीमा जुटेका छन्।

फक्ताङ्लुङ गाउँपालिका–६ लेलेप गाउँमा कञ्चजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को अगुवाइमा कञ्चनजङ्घा हिमाल आरोहण भएको ७० वर्ष पुगेको उपलक्ष्यमा 'कञ्चनजङ्घा 'प्लाटिनम जुब्ली' २०८२ महोत्सव अन्तिम तयारी पुगेको कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का कार्यालय सचिव मनकुमार लिम्बूले बताउनुभयो। आउँदो वैशाख ५–७ गते फक्ताङ्लुङ गाउँपालिका–५ लेलेपमा महोत्सव हुने भएको हो । 'कञ्चनजङ्घा संरक्षण क्षेत्र, प्रकृतिको उपहार ः संरक्षण क्षेत्रमा पर्यापर्यटन, समृद्धिको आधार' भन्ने नाराका साथ महत्सवको तयारी भइरहेको छ। कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का कोषाध्यक्ष तथा महोत्सव संयोजन समितिका संयोजक छोवाङ शेर्पाले महोत्सवले संरक्षण क्षेत्रभित्रका प्राकृतिक सम्पदा, पर्यटन र स्थानीय संस्कृतिको प्रवद्र्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

महोत्सव कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को संयोजनमा समृद्ध पहाड परियोजना तथा संरक्षण क्षेत्र कार्यालयसहित विभिन्न सङ्घसंस्थाको सहकार्यमा गरिने जनाइएको छ । महोत्सवमा कञ्चनजङ्घा क्षेत्रका पर्यटकीय सम्पदाको प्रचारप्रसार, पदयात्रा प्रवद्र्धन, सांस्कृतिक कार्यक्रम, स्थानीय उत्पादन र परिकारको प्रवद्र्धन, भलिबल प्रतियोगिताजस्ता गतिविधि समेटिने छन् । कञ्चनजङ्घा आरोहणको ऐतिहासिक यात्रालाई सम्मान गर्दै पहिलो आरोहीहरूका परिवार तथा अन्य आरोहणकर्तालाई आमन्त्रण गरिने आयोजकले जनाएको छ । महोत्सवका मुख्य कार्यक्रम लेलेपमा सम्पन्न भएपछि, काठमाडौँमा राष्ट्रियस्तरको विशेष कार्यक्रम आयोजना हुने आयोजकले जनाएको छ।

सिरिजङ्घा गाउँपालिका हिमाल संरक्षण अभियानमा जुटेको छ । गाउँपालिकाले कञ्चनजङ्घा आधार शिविरमा आगामी वैशाख १२ देखि १४ गतेसम्म पर्यटन सिरिजङ्घा महोत्सव आयोजना गरी जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि छलफल गर्ने योजना बनाएको छ । प्रवक्ता बमप्रसाद गौतमका अनुसार, महोत्सवमा हिमताल, हिमनदी र हिमाली क्षेत्रमा जलवायु परिवर्तनको प्रभावबारे अध्ययन, अनुसन्धान र समाधानका उपायबारे छलफल गरिनेछ।

गाउँपालिकाले सङ्घीय सरकारको साझेदारीमा कञ्चनजङ्घा क्षेत्रमा साहसिक पदमार्ग निर्माण गरिरहेको छ । महोत्सवमा निर्माणाधीन पदमार्गको प्रचारप्रसार, स्थानीय कला, संस्कृति तथा परम्परालाई प्रवद्र्धन गरिने जनाएको छ। विशेष आकर्षणका रूपमा चार हजार ५०० मिटर उचाइको कञ्चनजङ्घा म्याराथुन प्रतियोगिता आयोजना गरिने छ। चौँरी याक प्रदर्शन, साहित्य गोष्ठी, साइि◌िक्लङलगायत कार्यक्रम समिटिएको गाउँपालिकाले जनाएको छ।

महोत्सव सिरिजङ्घा गाउँपालिकाको नयाँ झोडेनी क्षेत्रमा आयोजना हुनेछ । गाउँपालिकाका उपाध्यक्ष डा चित्र माबोका अनुसार, झोडेनी माछेवाबीचको दूरी कायम गरी म्याराथुन प्रतियोगिता सम्पन्न गरिने छ । सिरिजङ्घा–८ का वडाध्यक्ष कृष्णकुमार गुरुङका अनुसार, झण्डेडाँडाबाट मकालुदेखि कञ्चनजङ्घासम्मका हिमश्रृङ्खला देख्न सकिन्छ। याक तथा चौँरीको अवलोकन, लालीगुराँसको दृश्य र हिमाली सौन्दर्य पर्यटक आकर्षणका मुख्य तत्व हुनेछन्।

ताप्लेजुङको साहसिक पर्यटनमा ठूलो सम्भावना भए पनि सरकारी चासोको कमीले विकास सुस्त देखिन्छ। यहाँको हिमाली सौन्दर्य, जैविक विविधता र सांस्कृतिक महत्त्वका कारण अन्तरराष्ट्रिय पर्वतारोही आकर्षित हुने वातावरण भए पनि पर्यटन प्रवद्र्धनका नाममा गरिने मेला महोत्सवले खासै प्रभाव पार्न सकेका छैनन् । आवश्यक पूर्वाधार विकास, पदमार्ग सुधार, हिमाल आरोहण सहज बनाउन कानूनी प्रक्रिया सरलीकरण गर्न सके ताप्लेजुङलाई विश्वस्तरीय गन्तव्य बनाउन सकिन्छ । नयाँ पिकहरूमा मानव पाइला पर्नु, पर्वतारोहण सम्भावनाको उजागर हुनु र पर्यटन गतिविधि बढ्नु सकारात्मक सङ्केत हुन् । सरकारी सहयोग र स्थानीय समुदायको संलग्नता बढाउन सकियो भने ताप्लेजुङ विश्वको महत्त्वपूर्ण पर्यटन गन्तव्य बन्ने पर्यटन व्यवसायीको भनाइ छ।

ताप्लेजुङका यी हिमालहरूको काखमा मानव पाइला पर्न थालेका छन्। पर्वतारोही, अनुसन्धानकर्ता र पर्यटकको चहलपहल बढ्दै गएको छ । अवलोकनका लागि मात्र नभई, नयाँ गन्तव्यका रूपमा यी हिमाली क्षेत्रलाई प्रचार गर्न थालिएको छ । स्थानीय पर्यटन प्रवद्र्धनका लागि नयाँ हिमालको पहिचान र आरोहण सम्भावनालाई उजागर गर्दै, ताप्लेजुङ अब साहसिक पर्यटनको केन्द्र बन्दै गएको छ । हिमाली सौन्दर्य, संस्कृति र जैविक विविधताको सङ्गमका कारण यहाँको महत्त्व अझ बढ्दै गएको छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# मुख्यमन्त्री कार्कीसँग स्वीस राजदूतको भेट

**विराटनगर ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की र स्वीजरल्यान्डका राजदूत डा. डनिएल्ले मोन्टेलियोन म्याउलीबीच भेटवार्ता भएको छ ।
भेटमा कोशी प्रदेशको विकास र समृद्धि एवं दुई पक्षिय हितका विषयमा छलफल भएको मुख्यमन्त्री कार्कीका प्रेस सल्लाहकार विक्रम लुईंटेलले जानकारी दिए । स्वीजरल्यान्डका राजदूत डा. म्याउलीले प्रदेश सरकारले पर्यटनमार्फत आर्थिक समृद्धिका निम्ति देखाएको अग्रसरता प्रशंसनीय रहेको बताउँदै पर्यटन प्रवद्र्धनको काम गर्न स्वीजरल्यान्ड तयार रहेको जानकारी दिए ।
उनले प्रदेश सरकारले गर्न लागेको लगानी सम्मेलनले लगानीमैत्री वातावरण सिर्जना गर्ने साथै रोजगार प्रवद्र्धन गर्ने आशा व्यक्त गरे । नेपालसँगको दौत्य सम्बन्ध लामो रहेको चर्चा गर्दै उनले सङ्घीयतापछि पहिलो पटक कोशी प्रदेश सरकारसँग सहकार्य गरेर आगाडि बढ्न पाएकामा खुसी पनि व्यक्त गरे ।
राजदुत म्याउलीले शासकीय सुधार, सुशासन प्रवद्र्धन र प्रविधिमैत्री कोशी प्रदेश निर्माणमा सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दै अहिलेको नेतृत्वसँग काम गर्न सहजता भएको उल्लेख गरे । प्रदेश सरकारको लक्ष्य र उद्देश्य एवं प्राथमिकताप्रति उनले प्रशंसा गरे ।
राजदूत म्याउलीले निजी क्षेत्रको सहकार्य वृद्धि, व्यावसायिक सीपको प्रवद्र्धन र पर्यटनको विभिन्न योजनामा सहयोग गर्ने वचन दिए । भेटमा मुख्यमन्त्री कार्कीले प्रदेशले आर्थिक समृद्धिका लागि पर्यटन क्षेत्रमा काम गरिरहेको चर्चा गर्दै स्वीस सरकारले पदमार्ग, आर्थिक समृद्धि सुशासन, शासकीय सुधारमा गरेको सहयोगप्रति आभार व्यक्त गरे ।
मुख्यमन्त्री कार्कीले राजस्व वृद्धि गर्ने गरी काम गर्न शुरू गरिएको र यसले प्रदेशको विकासमा स्रोत जुटाउनको लागि सहयोग पुग्ने धारणा राख्नुभयो । उनले प्रदेश सरकारले गरेको सुशासनका कार्यसँगै विकास निर्माण र पर्यटन क्षेत्रमा सहयोग गर्न स्वीस राजदूतलाई आग्रह गरे ।

# वामपन्थी एकतामा दाहालको जोड

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले विभाजित वामपन्थी शक्तिलाई वैचारिक र सांस्कृतिक ढङ्गले एकताबद्ध गर्न प्रगतिशील लेखकहरुले नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने बताएका छन् । प्रगतिशील लेखक सङ्घको १३ औँ राष्ट्रिय सम्मेलनबाट निर्वाचित कार्यसमितिप्रति बधाई ज्ञापन गर्दै उनले वामपन्थी शक्ति एकजुट हुनुपर्नेमा जोड दिए ।
अध्यक्ष दाहालले त्यतिबेलाको पार्टी एकता जोगाउन नसके पनि एकताको झण्डा छोड्न हुँदैन भन्नेमा माओवादी प्रष्ट रहेको बताए । 'माओवादीको केन्द्रीय समितिले वामपन्थी एकताको प्रयास छाड्न हुँदैन भन्ने नीति नै पारित गरेको छ । हिजो विभाजन भएकाले अब एकता असम्भव भनेर सोच्नु माक्र्सवादी चिन्तन हुँदैन,' उनले भने । कम्युनिष्ट आन्दोलनमा स्थापनाकालदेखि विचारमा बहस, विवाद र सङ्घर्ष हुँदै आएको उल्लेख गर्दै सङ्घर्षका बीचमा नै कम्युनिष्ट आन्दोलनको विकास हुने बताए । सोमबार सम्पन्न सम्मेलनले देवी दुवाल क्षेत्रीको अध्यक्षतामा नयाँ केन्द्रीय समिति चयन गरेको हो ।

# सामुदायिक विद्यालयमा नपढाउनेको सुविधा रोकिने



**ओखलढुङ्गा ।**
मोलुङ गाउँपालिकाले सामुदायिक विद्यालयमा छोराछोरी नपढाउने जनप्रतिनिधि, सरकारी कर्मचारी र शिक्षकको सेवा सुविधा रोक्ने भएको छ ।
सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यअनुसार पालिकाले शैक्षिक सत्र २०८२ बाट सरकारका विभिन्न निकायमा आबद्ध तथा नियमित तलब, भत्ता तथा सेवासुविधा उपभोग गर्नेका सन्तति अनिवार्य सामुदायिक विद्यालयमा पढाउनुपर्ने निर्णय गरेको हो । फागुन १२ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयमा आगामी शैक्षिक सत्रको भर्ना अभियानमा सबै जनप्रतिनिधि, सरकारी कर्मचारी र शिक्षकका छोराछोरी सामुदायिक विद्यालयमा पढाउनुपर्ने उल्लेख छ । सोही निर्णयानुसार पालिकाले सार्वजनिक सूचना निकालेर सामुदायिक विद्यालयतर्फ विद्यार्थीको आकर्षण बढाउन सरोकारवालाहरुले अनिवार्य गाउँकै सामुदायिक विद्यालयमा आफ्ना बालबालिका भर्ना गराउन आह्वान गरेको प्रशासकीय अधिकृत सन्तोष गौतमले जानकारी दिए । निर्णय कार्यान्वयन गर्दै भर्ना अभियान सन्देशमूलक बनाउन सबै सामुदायिक विद्यालयमा पालिकाले परिपत्र गरेको छ ।
सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका विभिन्न चरणमध्ये सरोकारवालाका बालबालिकालाई अनिवार्य सामुदायिक विद्यालयमा पढाउने नीति यस वर्षबाट कडाइका साथ कार्यान्वयनमा ल्याउने निर्णय गरिएको गाउँपालिका अध्यक्ष उत्तम राईले बताए ।
'सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार्नका लागि गाउँपालिकाको कार्यपालिका बैठकले उक्त निर्णय गरेको हो,' अध्यक्ष राईले भने, 'आगामी शैक्षिक सत्रबाट पालिका मातहत रहेका सरकारी कार्यालयका कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक र जनप्रतिनिधिले अनिवार्य आफ्ना बालबालिका सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्नेछ, नत्र कारबाही हुन्छ, सेवासुविधा तलब रोकिन सक्छ ।'
जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकका छोराछोरी गाउँका विद्यालयमा नपढाउँदा आम मानिसमा सन्देश राम्रो नगएको र सामुदायिक विद्यालयप्रति आकर्षण घटेकाले यसको सुधार गर्ने निर्णय गरिएको उनको भनाइ छ । सामुदायिक विद्यालयमा राज्यको ठूलो लगानी रहने र क्षमतावान् शिक्षक राखिने भए पनि गाउँका विद्यालयमा विद्यार्थी नहुँदा विद्यालय समायोजन गर्नुपर्ने अवस्था रहेकाले यो निर्णय गर्नुपरेको उनले बताए ।
यो निर्णय कार्यान्वयनमा प्रश्न उठे पनि मोलुङमा यसै वर्षबाट पूर्ण रुपमा लागू हुने अध्यक्ष राईको भनाइ छ । जिल्लामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि जनप्रतिनिधि, सरकारी कर्मचारी र शिक्षकलगायतले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा पढाउनुपर्ने आवाज विगतदेखि नै उठे पनि कार्यान्वयनमा आउन सकेको छैन । अधिकांश जनप्रतिनिधि, कर्मचारी र शिक्षकले आफ्ना बालबालिका सदरमुकाम र सहरका निजी विद्यालयमा पढाइरहेका छन् । रासस

# संयुक्त राष्ट्रसङ्घीय आयोगमा स्वास्थ्यमन्त्रीको सम्बोधन




**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले संयुक्त राष्ट्रसङ्घको मुख्यालय न्युयोर्कमा आयोजित जनसंख्या तथा विकास आयोगको ५८औँ सत्रलाई सम्बोधन गरेका छन् । यस अवसरमा मन्त्री पौडेलले पछिल्ला तीन दशकमा नेपालले मातृ तथा सुत्केरीसँग सम्बन्धित मृत्युमा महत्वपूर्ण प्रगति हासिल गरेको बताए । दक्षता तथा परिवार नियोजनका साधनको प्रयोगमा वृद्धि तथा प्रजनन क्षमता र किशोरावस्थाको जन्मदरमा कमी तथा बालविवाह घटाउनसमेत नेपालले सफलता पाएको मन्त्री पौडेलले बताए ।
'नेपाल आफ्नो स्वास्थ्य प्रणाली सबल बनाएर हरेक नागरिकलाई स्वास्थ्य सुविधा प्रदान गर्न प्रतिबद्ध छ,' मन्त्री पौडेलले भने, 'तर, यो हामी एक्लैले मात्र गर्न सम्भव छैन ।' उनले अन्तरराष्ट्रिय सहकार्य र ऐक्यबद्धताबाट मात्र सम्भव रहेकामा जोड दिए । स्वास्थ्य क्षेत्रमा बजेटको सीमितता तथा प्रतिव्यक्ति स्वास्थ्य खर्च विश्वव्यापी दरका तुलनामा कम भएका कारण ग्रामीण क्षेत्रमा पर्याप्त पूर्वाधार विकास तथा स्वास्थ्य संस्थाको कमी हुनाले स्वास्थ्य पहुँचमा कठिनाइ भोग्नु परेको मन्त्री पौडेलको भनाइ थियो । जलवायु परिवर्तनका कारण नेपालको स्वास्थ्य क्षेत्रले कठिनाइ बेहोर्नु परेको बताए ।
स्वास्थ्य तथा जनसंख्यामन्त्रीको निजी सचिवालयका अनुसार विकास सहायतामा कमीका कारण नेपालजस्ता देशले चुनौतीको सामना गर्नुपरिरहेको उनले बताए । 'यो समस्या सम्बोधन गर्न हामी नेपाललाई विकास सहायता वृद्धिका लागि विशेष जोड दिन्छौँ,' मन्त्री पौडेलले भने । निजी क्षेत्रको पनि स्वस्थ्य क्षेत्रमा लगानी वृद्धि जरुरी रहेकामा मन्त्री पौडेलले जोड दिएका थिए । रासस

# पोखरा–छेन्दु उडान नियमित गर्न सहयोग आवश्यक



**कास्की ।**
पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट शुरू भएको चीनको सिचुवान प्रान्तको छेन्दुको सिधा उडानलाई निरन्तरता दिन सबैको साथ र सहयोग आवश्यक पर्ने बताएका छन् ।
पोखरा पर्यटन परिषद्द्वारा सोमबार पोखरामा आयोजित पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट चीनको छेन्दुमा गरिएको पहिलो व्यावसायिक चाटर्ड उडानका सहभागीलाई सहभागिताको प्रमाणपत्र वितरण कार्यक्रममा उनले उडानसँगै पोखराबाट अन्तरराष्ट्रिय उडानका सम्भावनालाई बढाएको बताए । पहिलो अन्तरराष्ट्रिय उडानका क्रममा छेन्दु, लुझाउ, छोङ्छिङलगायत सहरमा भएका कार्यक्रमले दुई देशबीचको सम्बन्धसँगै पर्यटकीय साझेदारीलाई अझै उजागर गरेको बताउँदै उनले सिचुवान एयरलायन्सको विश्वका धेरै देशमा रहेको सञ्जालको उपयोग हुनुपर्ने आवश्यकता औँल्याए ।
चीनले माउन्ट कैलाश नजिकै निर्मित आली विमानस्थलमा पोखराबाट सिधा उडान गर्न सकिएको जनाउँदै महानगरप्रमुख आचार्यले त्यसले यहाँको अर्थतन्त्रलाई महत्त्वपूर्ण योगदान गर्ने विश्वास व्यक्त गरे । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पोखरा–छेन्दु पहिलो व्यावसायिक चाटर्ड उडानका क्रममा नेपाल पर्यटन बोर्डले छेन्दु र छोङ्छिङमा आयोजना गरेको बिटुबी तथा सेल्स मिसनले यहाँको पर्यटन प्रवद्र्धनमा महत्त्वपूर्ण योगदान पु¥याएको बताए ।
पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पहिलो सफल उडानसँगै पोखरा–चीनको सम्बन्धलाई थप उजागर गरेको बताउँदै उडानको निरन्तरताका लागि सबैको सामूहिक प्रयास आवश्यक पर्नेमा जोड दिए । परिषद्का महासचिव एवम् कार्यक्रम संयोजक जीवनराज सापकोटाले पहिलो व्यावसायिक उडानमा साथ र सहयोग गर्ने सबैमा धन्यवाद व्यक्त गर्दै यस कार्यक्रमले चीनका विभिन्न सहरसँग पोखराको सम्बन्धलाई प्रगाढ बनाएको धारणा राखे ।
कार्यक्रममा परिषद्का संस्थापक अध्यक्ष अशोक पालिखे, रामकली खड्का, दीपक पहारीलगायतले चीनको विकाससँगै त्यहाँको अनुशासन, सरसफाइलगायत पक्षलाई अनुकरण गर्नु आवश्यक रहेको धारणा राखे । रासस

# महाकालीमा बाँधनिर्माण नहुँदा बस्ती जोखिममा

**कञ्चनपुर ।**
महाकाली नदीमा बनेको चार लेनको पक्की पुल छेउमा निर्माणाधीन पोखरीको गाइडबन्ड (बाँध)को डिजाइन स्वीकृत नहुँदा आठ महिनादेखि निमार्णको काम ठप्प छ । गत वर्ष भदौमा महाकाली नदीको बाढीले चार लेनको पक्की पुल छेउमा निर्माणाधीन पोखरीको गाइडबन्ड (बाँध) भत्काएको थियो । बाँध बाढीले क्षति गरेको आठ महिनासम्म पुनर्निर्माण शुरू हुन सकेको छैन। बर्खा नजिकिए पनि गाइडबन्ड निर्माणको सुरसार नहुँदा महाकालीको बाढी बस्तीमै पस्ने जोखिम बढेको छ।
महाकाली नदीमा निर्माण गरिएको पक्की पुलको पूर्वतर्फको गाइडबन्ड बगाएको र गत भदौ महाकालीको बाढी गाइडबन्ड भत्काएर बस्ती पस्दा भीमदत्त नगरपालिकाका तीन वडाका बस्ती डुबानमा परेका थिए । बर्खा नजिकिएपछि महाकाली नदीको बाढी गाउँ पस्ने जोखिम रहेको भन्दै यहाँका स्थानीय त्रसित बनेका छन् । स्थानीय समयमै बाँध निमार्णका लागि पटक–पटक पुल योजना कार्यालय र जिल्ला प्रशासन कार्यालयलाई ध्यानाकषर्णपत्र बुझाएका छन् ।
'बर्खाको समय आइसक्यो अहिले पनि बाँध निर्माण गर्ने कुनै सुरसार छैन,' भीमदत्त–१२ का स्थानीय कृष्णसिंह देउवाले भने, 'समयमा बाँध बनेन भने यहाँका पाँच बस्तीका करिब पाँच हजार मान्छे विस्थापित हुन्छन् ।' उनले बस्ती मात्रै नभई महाकाली पुल जोड्ने पहुँच मार्गसमेत बाढीको जोखिममा रहेको बताए। दोधारा चाँदनीलाई जोड्ने गरी निर्माण भएको चार लेनको पक्की पुलसँगैको बाँधको डिजाइन स्वीकृतिमा ढिलाइ हुँदा निमार्णको काम ठप्प रहेको महाकाली पुल निर्माण कम्पनीले जनाएको छ । पक्की पुल छेउमा निर्माणाधीन पोखरीको गाइडबन्ड (बाँध) निमार्णका लागि शुरूमा २ सय ५० किलोग्रामभन्दा बढी तौलका ढुङ्गाको प्रयोग गरेर पुलको दुवैतर्फका पोखरीको गाइडबन्ड बनाउने डिजाइन थियो ।
ठूलो ढुङ्गा नपाइएपछि ग्याबिन जाली र प्लम्ब कङ्क्रिटको प्रयोग गरी बाँध निर्माण गरिएको थियो । पुल निर्माण कम्पनी कुमार श्रेष्ठ सिएफइसी जेभीका इन्जिनियर किशोर पाण्डयेले गत भदौमा आएको बाढीले २ सय ६० मिटर बाँध बाढीले भत्काएको बताए । 'बाढीले बाँध भत्काएपछि महाकाली पुल योजना कार्यालय र विभागबाट गाइडबन्डको डिजाइन संशोधन गर्नुपर्ने भन्दै डिजाइन संशोधनको प्रक्रिया अघि बढेको थियो,' उनले भने, 'हालसम्म उक्त समयमा डिजाइन स्वीकृत नहुँदा हामीलाई काम गर्न कठिनाइ भएको हो ।' उनले स्वीकृत डिजाइन नआउँदासम्म काम गर्न नसकिने बताए ।
'हामीले काम छिटो सम्पन्न गर्नका लागि कार्यालयलाई पटक–पटक ताकेता गरेका छौँ,' पाण्डेयले भने, 'बर्खा नजिकिएको छ, त्यस अगावै हामीले बाँध निर्माण गर्न सकेनौँ भने अहिलेसम्म निमार्ण भएका सबै संरचना जोखिममा छन् ।' महाकाली नदमि निर्माण भएको ८ सय मिटर पुलको दुवैतर्फ दुई हजार ७ सय मिटर लम्बाइ र ६ सय मिटर चौडाइका पोखरी निर्माणाधीन छन । पक्की पुल, पहुँच मार्ग र गाइडबन्डलगायतको गरी ९५ प्रतिशत काम भइसकेको छ। अब २ सय मिटर पहुँचमार्ग कालोपत्रसँगै गाइडबन्डको काम मात्रै बाँकी छ।
महाकाली पुल योजना कार्यालय महेन्द्रनगरका अनुसार कात्तिक २२ गते आयोजनाको म्याद सकिएको छ । पाँचौँ पटक थपिएको समयमा पनि काम सम्पन्न हुन नसकेपछि निर्माण कार्य ठप्प बनेको हो । महाकाली पुल योजना कार्यालय महेन्द्रनगरका इन्जिनियर सन्तोष चन्दले अहिले म्याद थपका लागि मन्त्रिपरिषद्मा गएको जानकारी दिए । 'म्याद थप भएपछि मात्रै डिजाइन र भेरिएसनको काम हुन्छ अहिले म्याद थपको प्रक्रियामा छ,' उनले भने, 'अहिले निमार्णको काम ठप्प छ ।' विसं २०७४ मा तीन वर्षभित्र निर्माण सक्ने गरी तीन अर्ब २७ करोड रुपैयाँमा कुमार श्रेष्ठ सिएफइसी जेभीसँग सम्झौता भएको थियो। सम्झौताअनुसार ८ सय मिटर लामो चार लेनको पुल, आठ किलोमिटर पहुँच मार्ग र पुलको वारिपारि चार पोखरी निर्माणको काम २० भदौ २०७७ मा सकिनुपर्ने थियो । पाँचपटक म्याद थप हुँदासमेत सबै संरचना निर्माण हुन सकेका छैनन् । छैटौँपटक म्याद थपको प्रक्रियामा छ । सम्झौता हुँदा पुल र पहुँचमार्गसहितका संरचना निर्माणको लागत तीन अर्ब २७ करोड रुपैयाँ थियो । पछिल्लो पटक डिजाइन परिवर्तन हुँदा लागत बढेर तीन अर्ब ७६ करोड रुपैयाँ पुगेको छ । रासस

# नक्कली कागजात बनाएर वन फडानी गर्ने पक्राउ

**अछाम ।**
जिल्लाको कमलबजार नगरपालिका–५ स्थित पाँचुल्ली चैतेपातल सामुदायिक वन समितिको कीर्ते कागजात बनाएर फडानी गरेको अभियोगमा एकजना पक्राउ परेका छन् ।
पक्राउ पर्नेमा वन समितिका सचिव छत्रराज तिमल्सेना छन् । उनले पाँचुल्ली चैतेपातल सामुदायिक वन उपभोक्ता समितिको नाममा नक्कली कागजात बनाई वन डिभिजन कार्यालय मङ्गलसेनबाट चोत्रो (डाँठ, पात, बोक्रा) पैदावार बिक्री गर्ने अनुमति लिएर फडानी गरेको डिभिजन वन कार्यालय अछामका प्रमुख जनक पाध्याले जानकारी दिए । उनले पक्राउ परेका तिमल्सेनालाई डिभिजन वन कार्यालयको पत्रका आधारमा जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी अनुसन्धानको प्रक्रिया अगाडि बढिसकेको बताए । वन ऐन, २०७६ अनुसार दुई लाख रुपैयाँ भन्दा बढी बिगो भएको र एक वर्षभन्दा बढी कैद हुने अवस्थाका मुद्दा अदालतमा जाने र अन्य मुद्दा वन डिभिजनले नै हेर्ने कानूनी व्यवस्था छ । सामुदायिक वनबाट चार हजार किलो चोत्रो (डाँठ, पात, बोक्रा) फडानी गरिएको छ । चोत्रो (डाँठ, पात, बोक्रा)को प्रतिकिलो १० रुपैयाँ बिगो हुने भएकाले ४० हजार रुपैयाँ जरिवाना हुने र अनुसन्धानमा केही थप देखिएमा सोही दफाअनुसार कारबाही हुने पाध्यायको भनाइ छ । नक्कली कागजात तयार पारेर वन पैदावरको अनुमति लिनका लागि अन्य व्यक्तिको संलग्नताबारे पनि अनुसन्धान भइरहेको जनाइएको छ ।

# पर्यटकीयस्थल पुनहिलमा विद्युत् सेवा विस्तार

**म्याग्दी ।**
अन्नपूर्ण गाउँपालिका–६ स्थित पर्यटकीयस्थल पुनहिलमा विद्युत् सुविधा विस्तार भएको छ । समुद्री सतहबाट तीन हजार २ सय १० मिटर उचाइमा रहेको पुनहिलमा हिमाल, सूर्योदय, जङ्गल, पहाडी भूगोलको दृष्यावलोकन गरी प्रकृतिमा रमाउन आउने पर्यटकको सुविधाका लागि नेपाल विद्युत् प्राधिकरण म्याग्दी वितरण केन्द्रले विद्युत् सुविधा विस्तार गरेको हो ।

पर्यटकको सहजताका लागि पदमार्ग उज्यालो बनाउन, विद्युतीय उपकरण चार्ज गर्न र केही तल रहेको मूलबाट पानी तान्ने उद्देश्यले घोडेपानीबाट १५ वटा पोल र एक किलोमिटर एबिसी तार तानेर पुनहिलमा विद्युत् सुविधा विस्तार गरिएको केन्द्रका प्रमुख सत्यनारायण गामीले जानकारी दिए ।

घोडेपानीवासीको मागअनुसार २०८० साल पुसमा २५ लाख रुपैयाँ खर्चेर विद्युतीयको लाइन पुर्याए पनि गाउँपालिकाले हालै मिटरबक्स जडान गरेपछि विद्युत् वितरण थालिएको उनले बताए । घोडेपानी क्षेत्रको विद्युत् आपूर्तिलाई सहज र गुणस्तरीय बनाउन नाङ्गो तार हटाएर एबिसी केबुल र ५० केभीए क्षमताको नयाँ ट्रान्सफर्मर जडान गरिएको छ ।

विद्युत् सुविधा भएपछि पदमार्गमा सडक बत्ती जडान गर्न र पुनहिलमा लिफ्ट प्रविधिबाट पानी तानेर लैजाने तयारी गरेको घोडेपानी टोल सुधार समितिका उपाध्यक्ष जुली ठकुरी पुनले बताए । पुनहिलमा घोडेपानीबाट ग्यालिन, बोत्तल र ड्रममा बोकेर पानी लैजाने गरिएको छ । एक घण्टा लगाएर उकालोमा पानी बोकेर लैजानुपर्ने भएकाले पुनहिलमा तातोपानी, चिया, कफीको मूल्य बढी तिर्नुपर्दा पर्यटकले मर्कामा परेको गुनासो गरेका छन् । चुरेन, पुथा, गुर्जा, धवलागिरि, मानापाथी, निलगिरि, अन्नपूर्ण, बराह शिखर, माछापुच्छ्रे, लमजुङ र मनास्लु हिमालका साथै सूर्योदयको अवलोकन गर्न सकिने पुनहिलमा यहाँ वार्षिक ३० हजार जनाको अनुपातमा विदेशी र त्योभन्दा बढी आन्तरिक पर्यटक पुग्ने गर्छन् ।

पुनहिल भ्रमणका लागि अन्नपूर्ण गाउँपालिकालाई नेपालीले प्रतिव्यक्ति ५० रुपैयाँ र विदेशीले १ सय ५० रुपैयाँका दरले प्रवेश शुल्क तिर्नुपर्छ । चालु आर्थिक वर्षमा पुनहिल प्रवेश शुल्क र चिया पसल सञ्चालनका लागि गाउँपालकाले ४० लाख १ सय रुपैयाँमा ठेक्का लगाएको छ । रासस

# कबाडको अवैध निकासीले उद्योगमा कच्चा पदार्थ अभाव

**बाँके ।**
नेपालमा सङ्कलित कवाडजन्य वस्तु अवैध रूपमा भारत निकासी हुँदा यहाँ सञ्चालित अण्डा क्यारेट र प्लाष्टिक उद्योगले कच्चा पदार्थको अभाव झेल्नुपरेको छ । करको दायरामा नपर्न व्यवसायीले कवाड (प्रयोग भएका कापी किताब, फलाम, टिन, प्लास्टिक, सिसीलगायतका वस्तु) सङ्कलन गरी अवैध रूपमा भारत निकासी गर्ने गरेकाले नेपाली उद्योग कच्चा पदार्थको अभावमा धरासायी बन्दै गएको बाँकेको बैजनाथ गाउँपालिका–१ मा सञ्चालित पश्चिमाञ्चल एग क्यारेट एण्ड फुड उद्योगका सञ्चालक पुनित शाहले बताए ।



‘उद्योगलाई आवश्यक कच्चा पदार्थ भारत तस्करी भएपछि उद्योग सञ्चालन गर्न नसक्ने अवस्था सृजना भएको छ, कच्चा पदार्थ अवैध रूपमा भारत गइरहे पनि नियामक निकायले चासो दिएको पाइएको छैन,’ उनले भने, ‘कच्चा पदार्थको अभावमा उद्योग पूर्ण रूपमा सञ्चालन हुन नसक्दा मजदुरले काम पाएका छैनन, उद्योग धरासायी बन्दै गएको छ ।’ पाँचदेखि १० रुपैयाँ प्रतिकेजी भन्सारदर रहेको कवाडजन्य वस्तु दैनिक अवैध रूपमा भारततर्फ निकासी हुँदा सम्बन्धित निकायले एकअर्कालाई देखाउँदै नियमनबाट पन्छिँदा त्यसको असर नेपाली उद्योगलाई परिरहेको उनको भनाइ छ ।

‘मेरो उद्योगलाई महिनामा १ सय २० टन कच्चा पदार्थ चाहिन्छ तर अहिले त्यसको आधामात्रै पाउने गरेको छु, त्यसैले उद्योगलाई पूर्ण रूपमा सञ्चालन गर्ने वातावरण हुनसकेको छैन,’ सञ्चालक शाहले भने, ‘यो क्षेत्रमा सङ्कलन हुने कवाडजन्य वस्तु अवैध रूपमा भारत निर्यात नभए कच्चा पदार्थ पर्याप्त रूपमा उपलब्ध हुन्छ, तर यसमा राज्यका निकायले बेवास्ता गर्दै आएका छन् ।’ बाँकेलगायत जिल्लामा सङ्कलित कवाड वस्तु खरिद गरी राज्यलाई कर तिर्नुका साथै रोजगारीसमेत सृजना गरेका बाँकेलगायत विभिन्न जिल्लामा सञ्चालित उद्योग कच्चा पदार्थका रूपमा प्रयोग हुने कवाड सामान खरिद गर्न नपाएपछि बन्द गर्नुपर्ने अवस्थामा पुगेको उनको गुनासो छ ।

प्रयोग भइसकेको कवाड फलाम नेपालमा नै खरिद हुने भए पनि अन्य कागजन्य कापीकिताब, डष्ट्री, प्लाष्टिकजन्य वस्तु, व्याट्री, आल्मुनियमलगायत वस्तु भारत तस्करी हुँदै आएको छ । कवाड वस्तु निकासीमा प्रतिकेजी १० रुपैयाँ भन्सार राजस्व शुल्क भए पनि व्यवसायीले भन्सार छलेर अवैध रूपमा भारततर्फ निकासी गर्ने गरेको पाइएको छ । भारतीय उद्योगीले कवाड वस्तु केही महँगो दरमा खरिद गर्ने भएकाले नेपाली कवाड व्यवसायीले भन्सार छलेर अवैध रूपमा भारत निकासी गर्ने गरेका छन् । दैनिक साइकलबाट कवाडजन्य वस्तु भारत निकासी हुने गरेको छ । सङ्कलित कवाडको ठूलो अंश बाहिरिने भएकाले यहाँका उद्योगले पुनः त्यही कवाड दोब्बर मूल्यमा आयात गर्नुपर्ने बाध्यता रहेको शाहको भनाइ छ । कवाडसम्बन्धी वस्तुलाई कच्चा पदार्थका रूपमा प्रयोग गर्ने उद्योग भैरहवादेखि धनगढीसम्म सय बढी छन् ।

बाँकेमा २० को हाराहारीमा कवाड व्यवसायी छन् । उनीहरूमध्ये कतिपयले बाँकेसँगै अन्य जिल्लाबाट कवाड सङ्कलन गरी भण्डारण गरेर भारत पठाउन थालेपछि कवाडसँग सम्बन्धित उद्योगले कच्चा पदार्थ पाउन छाडेको कवाड व्यवसायी सङ्घ बाँकेका अध्यक्ष मोहम्मद उमर हलवाईले बताए । ‘फलामजन्य कवाड भारतीय व्यापारीले दिने मूल्यमै यहाँस्थित अम्बे स्टिलले खरिद गर्ने गरेकाले भारत निकासी हुँदैन, अन्य कागजजन्य र प्लााष्टिकजन्य कवाडको मूल्य भारतमा बढी मिल्ने भएकाले निकासी हुने गरेको छ,’ उनले भने, ‘सबै व्यवसायी आफैँले भारत निकासी गर्दैनन्, भारतीय व्यापारीले कवाड सङ्कलन गर्नेहरूसँग मिलेमतो गरी खरिद गर्ने गरेका छन् ।’

रुपन्देहीको सियारी गाउँपालिका–४ मा प्लाष्टिकजन्य कवाड प्रशोधन गरी प्लाष्टिकको दाना बनाउने उद्योग अमुवा प्लाष्टिक इन्डस्ट्रिजका सञ्चालक हरिप्रसाद न्यौपानेले दैनिक आफ्नो उद्योगलाई सात टन कवाड आवश्यक रहे पनि अहिले एक टनमात्र पाउने गरेको बताए । ‘पश्चिमको भरमा थियौँ, असोजपछि कवाड आउन छाडेको छ कुनै महिना एक ट्रकसम्म आयो होला, यो अवस्थामा १५ दिनमात्रै मुस्किलले उद्योग चलाउन सकेका छौँ,’ उनले भने, ‘हामीले नै कवाड पाउनु पर्छ भन्ने होइन, तर भारत निकासी गर्ने हो भने कर तिरेर मात्र लैजानु पर्छ, खुलेआम तस्करी हुने प्रवृत्ति रोकिनुपर्छ ।’

भारतसँग ६५ किलोमिटर खुला सीमा रहेको बाँकेमा कवाड वस्तुको निकासीले राजस्व गुम्नुका साथै कच्चा पदार्थको रूपमा प्रयोग गर्ने बाँकेसहित विभिन्न जिल्लामा रहेका उद्योग धरासायी भएका छन् । नेपाल–भारत सीमाअन्तर्गत बाँकेको खडैचा, हिरमिनीया कालाबन्जार, जमुनाह, जयसपुर, पचपोखरा, साईगाउँ, बढैया, सैनिकलगायत सहायक नाका चोरी तस्करीका लागि प्रमुख मानिन्छन् ।

यी ठाउँमा सशस्त्र प्रहरी बल सीमा सुरक्षा तथा चोरी तस्करी नियन्त्रणमा खटिएको छ ।

सशस्त्र प्रहरी बल नं.३० बागेश्वरी गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक शोभाकान्त खनालले कबाडजन्य वस्तुको अवैध रुपमा हुने चोरी निकासी रोक्न सशस्त्र प्रहरी बल प्रयासरत रहेको बताए । उनले मुख्य सीमा नाकाबाट निकासी नभएपनि ग्रामीण नाकाबाट चोरी निकासी हुनसक्ने भएकोले नियन्त्रणको लागि आवश्यक निर्देशन दिएको उल्लेख गरे ।

नेपालगन्ज भन्सार कार्यालयका प्रमुख जनार्दन पौडेलले कवाडजन्य वस्तु चोरी निकासी रोकथाम चुनौतीको विषय बनेको बताए । मुख्य भन्सार नाकामा आउने कवाडजन्य वस्तु नियन्त्रणमा लिएर लिलाम गर्ने गरेको उल्लेख गर्दै भन्सार प्रमुख पौडेलले भने, ‘कवाडजन्य वस्तुको चोरी निकासी रोकथाम गर्न लाग्ने हो भने भन्सार कार्यालय नै कवाडखाना बन्ने स्थिति आउँछ, हामीले नियन्त्रणमा लिएको कवाडको लिलाम नेपाली उद्योगीले सकार्नुपर्छ, अन्यथा लिलाम नभएर कवाड भन्सारमा थन्किने र पुनः भारतीय व्यापारीले नै खरिद गर्ने स्थिति हुनुहुँदैन ।’ उनले नेपाली उद्योगीहरूको गुनासोलाई मध्यनजर गरेर कवाडजन्य वस्तुको चोरी निकासी रोकथामका लागि भन्सार कर्मचारीलाई आवश्यक निर्देशन दिएको उल्लेख गरे । रासस

# चैते धानखेतीमा किसानलाई आकर्षित गर्न अनुदान



**तनहुँ ।**
चैते धानखेतीतर्फ किसानलाई आकर्षित गर्ने उद्देश्यले तनहुँमा ‘चैते धानखेती प्रवद्र्धन कार्यक्रम’ सञ्चालन गरिएको छ । अधिकांश सिञ्चित क्षेत्रका खेतमा चैते धान रोपाइँ जारी रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

केन्द्रले चैते धानखेती प्रवद्र्धन कार्यक्रममार्फत किसानलाई ७५ देखि ८५ प्रतिशतसम्म अनुदानको व्यवस्था गरी सहज बनाइएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत एवं सूचना अधिकारी किरण परियारले जानकारी दिए । उनले धान आयातलाई कम गराउने लक्ष्यका साथ अनुदानको व्यवस्था गरिएको बताए ।

‘चैते धानखेती गर्ने किसानले छाड्ने क्रम बढ्दै गएकाले प्रोत्साहन गर्न यो कार्यक्रम सञ्चालन गरिएको हो, उर्वरभूमिमा नै खेती गर्न छाड्दै गएको पाइन्छ,’ उनले भने, ‘विशेषगरी खेतीयोग्य जमिन बाँझो राख्ने अवस्थामा पुगेपछि यस कार्यक्रमले किसानलाई सहयोग पुग्नेछ ।’ कृषि पेसामा आकर्षित गर्न पनि यसले टेवा पुग्ने सूचना अधिकारी परियारको भनाइ छ ।

सूचना अधिकारी परियारका अनुसार कार्यक्रमअन्तर्गत ढुवानी, बीउ, सिँचाइ, उपकरण खरिदमा अनुदानको व्यवस्था गरिएको छ । धानको बीउमा ७५ प्रतिशत र सिँचाइअन्तर्गत कुलो निर्माण र मर्मतमा ८५ प्रतिशत अनुदानको व्यवस्था छ । दुई हजार ९ सय ४० रोपनी खेतमा चैते धानखेती गर्न १३ वटा कृषक समूह तथा सहकारी यस कार्यक्रममा समावेश भएका छन् ।

कार्यक्रमका लागि ५० लाख रुपैयाँ बजेट विनियोजन भएको छ । कृषक समूह तथा सहकारीसँग सम्झौतासमेत भइसकेको केन्द्रले जनाएको छ । कार्यक्रमअन्तर्गत धान चुट्ने थ्रेसर, खेत जोत्ने मिनीटिलर तथा ट्र्याक्टरमा अनुदानको व्यवस्था गरिएको छ । सिँचाइ (कुलो) निर्माणका लागि २० लाख रुपैयाँ बजेट विनियोजन भएको छ । चैते धान विशेषगरी चिउराका लागि प्रयोग गरिने तर खेत बाँझो हुँदा भारतबाट आयात हुने गरेको सूचना अधिकारी परियारको भनाइ छ । किसानबाट माग धेरै आए पनि बजेट कम हुँदा सबैलाई समेट्न समस्या भएको उनले बताए ।

जिल्लाका ठूला फाँट सत्रसय, सेपाबगैँचा, कलेस्ती, पुर्कोट, म्याग्दे, तनहुँसुर, गजरकोटको अत्रौली, आँबुखैरेनी, साँगे फाँटलगायत स्थानमा रोपाइँ भइरहेको छ । उनले भने, ‘हालसम्म सिञ्चित क्षेत्रको ८५ प्रतिशत चैते धान रोपाइँ सकिएको छ ।’ केही वर्षयता चैते धानखेती कम हुँदै गएकाले यस कार्यक्रम सञ्चालन गरिएको उनले बताए । उनका अनुसार बर्सेनि चैते धानखेती घट्दै गएको छ । अघिल्ला वर्ष छ हजार हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिन्थ्यो । गत वर्ष एक हजार ८ सय २ हेक्टरमा चैते धानखेती गरिएकामा आठ हजार ७ सय ४ मेट्रिक टन धान उत्पादन भएको थियो । यसैगरी आव २०७९–८० मा दुई हजार ४ सय ७० हेक्टर जमिनमा खेती गरिएकामा ११ हजार १ सय ८३ मेट्रिक टन धान उत्पादन भएको थियो । चैते धानखेती प्रवद्र्धन कार्यक्रमले धान उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको केन्द्रले जनाएको छ ।

जिल्लामा करिब ५१ हजार ५ सय ५० हेक्टर क्षेत्रफलमा खेतीयोग्य भूमि रहेको छ । त्यसमध्ये छ हजार ३ सय ४७ हेक्टर क्षेत्रफलमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध छ । तेह्र हजार ५ सय ८३ हेक्टर सिञ्चित क्षेत्र र सात हजार २ सय ३६ हेक्टर क्षेत्रफलमा बेमौसमी सिँचाइ सुविधा रहेको हुँदा अकासे पानीको भरमा पनि किसानले धानखेती गर्छन् । समयमा पानी नपर्दा यस वर्ष चैते धानखेती कम हुने आकलन केन्द्रले गरेको छ । रासस

# मुख्यमन्त्रीकप राष्ट्रिय भलिबलः ३–१ ले गण्डकी विजयी

**भोजपुर ।**
भोजपुर नगरपालिका–७ कोदार रङ्गशालामा जारी मुख्यमन्त्रीकप राष्ट्रिय भलिबल प्रतियोगिताअन्तर्गत मंगलबार भएको पहिलो खेलमा लुम्बिनी प्रदेशलाई ३–१ सेटले पराजित गर्दै गण्डकी प्रदेश विजयी भएको छ । खेलको पहिलो, दोस्रो र चौथो सेटमा लुम्बिनीलाई २५–२०, २५–१८ र २५–२१ अङ्कले गण्डकी प्रदेशले पराजित गरेको हो । तेस्रो सेट भने २५–२३ ले गण्डकीलाई लुम्बिनी प्रदेशले जितेको थियो । लिग आधारमा सञ्चालित खेलअन्तर्गत दोस्रो खेल गण्डकी र सुदूरपश्चिम प्रदेशका बीचमा हुने आयोजक जिल्ला भलिबल सङ्घले जनाएको छ ।



प्रतियोगितमा मधेश र कर्णाली प्रदेशबाहेक कोशी, बाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका खेलाडीको सहभागिता जनाएका छन् । चैत २८ गतेसम्म हुने प्रतियोगिता सञ्चालनका लागि कोशी प्रदेश सरकारको कोशी प्रदेश खेलकुद विकास बोर्डमार्फत २० लाख रुपैयाँ सहयोग गरेको छ ।

अन्य रकम जिल्लाका स्थानीय पालिका, व्यक्ति तथा सङ्घसंस्थाबाट सङ्कलन भइरहेको आयोजक जिल्ला भलिबल सङ्घका महासचिव सङ्ग्राम किरातीले बताए । प्रतियोगितामा कोशी प्रदेश भलिबल सङ्घले प्राविधिक सहयोग गरेको छ । प्रतियोगितामा प्रथम हुनेले तीन लाख, दोस्रोले एक लाख ७५ हजार, तेस्रोले ८० हजार तथा चौथो हुने टोलीले ४० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्ने आयोजक जिल्ला भलिबल सङ्घका अध्यक्ष विन्द्रकुमार तामाङले जानकारी दिए । पाँच विधामा विधागत रुपमा उत्कृष्टलाई १० हजार रुपैयाँका दरले पुरस्कार प्रदान गरिनेछ । रासस

# चितवनका २७९ उद्योग बन्द

**चितवन ।**
उद्योग तथा वाणिज्य कार्यालयमा दर्ता भएका उद्योगमध्ये २ सय ७९ उद्योग बन्द भएका छन् । चालु आर्थिक वर्षको साउनदेखि यता जिल्लाका विभिन्न स्थानमा दर्ता भएका ती उद्योग बन्द (लगत कट्टा) गरिएको हो । गत वर्ष सोही अवधिमा १ सय ८१ उद्योग बन्द भएका थिए ।

कार्यालयका सूचना अधिकारी शक्तिमान कुमालका अनुसार वैदेशिक प्रयोजनाका लागि दर्ता गरिएका अधिकांश उद्योग बन्द भएका हुन् । कतिपय सञ्चालन हुन नसकेर पनि बन्द भएका छन् । उनका अनुसार यस वर्ष २ सय ७३ नयाँ उद्योग दर्ता भएका छन् ।

निजी फर्ममा २ सय ६२, सामुदायिक फर्ममा सात र प्राइभेट लिमिटेडमा चार उद्योग दर्ता भएका छन् । यो संख्या गत वर्ष सोही अवधिमा ३२९ उद्योग दर्ता भएर सञ्चालनमा आएका थिए ।

उत्पादनमूलक, कृषि तथा वनजन्य, पर्यटनमूलक र सेवामूलक उद्योग बन्द भएका हुन् । वैदेशिक रोजगारीका लागि कम्पनी दर्ता गरेर आयआर्जन देखाउने र प्रयोजन सकिएपछि कम्पनी बन्द गर्न आउनेको संख्या बढ्दो रहेको उनले बताए । उद्योग सञ्चालन गर्ने तर यहाँ आम्दानी नभएपछि विदेश जानका लागि बन्द गर्नेहरुको संख्या उच्च रहेको उनले बताए ।

यस आर्थिक वर्षमा दुई हजार १ सय ६७ उद्योग नवीकरण भएका छन् । त्यसमध्ये नौ वटाले नामसारी गरेका छन्भने ३१ वटाले ठाउँसारी गरेका छन् । यस्तै २८ वटाले कारोबार संशोधन, सुविधा सिफारिस तिनले लिएको कुमालले जानकारी दिए । रासस

# खाद्य सहायता कटौतीपछि खाद्य एजेन्सी चिन्तित

**अमेरिका ।**
संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले सोमबार १४ वटा देशमा आपत्कालीन खाद्य सहायता कोषमा रोक लगाउने हालैको अमेरिकी सूचनाप्रति गहिरो चिन्ता व्यक्त गरेको छ । ‘यदि कार्यान्वयन गरियो भने यो भोकमरी र चरम भोकमरीको सामना गरिरहेका लाखौँ मानिसलाई मृत्युदण्डको सजाय हुनसक्छ,’ डब्लुएफपीले एक्समा एक विज्ञप्तिमा भनेको छ । एजेन्सीले आफ्नो जीवन–रक्षक कार्यक्रमहरूको निरन्तर समर्थनका लागि स्पष्टीकरण र अपिल गर्न हाल अमेरिकी सरकारसँग सम्पर्कमा रहेको बताएको छ । डब्लुएफपीले संयुक्त राज्य अमेरिका र अन्य अन्तर्राष्ट्रिय दाताहरूबाट प्राप्त गरेको योगदानलाई स्वीकार गरेको छ र कृतज्ञता व्यक्त गरेको छ । साथै एजेन्सीले ‘विश्वभरका भोकमरी र कमजोर समुदायहरूलाई महत्त्वपूर्ण खाद्य सहायता’ प्रदान गर्ने आफ्नो प्रतिबद्धता दोहो¥याएको छ ।

अमेरिकाले अफगानिस्तान, यमन र अन्य १२ देशका लागि खाद्यान्न सहयोगसहित बाँकी रहेका अधिकांश सहायता रद्द गर्ने निर्णय गरेको अमेरिकी विदेश मन्त्रालय तथा एजेन्सी फर इन्टरनेसनल डेभलपमेन्टका सहायता स्रोतहरूले बताएका छन् । एएफपी

# लोभलाग्दो च्याउखेती



**पर्वत ।**
जलजला गाउँपालिका–८ फर्सेकी सावित्री खत्री व्यावसायिक च्याउखेतीबाट मनग्य आम्दानी गर्न सफल भएकी छिन् । कृषि पेसाबाट गाउँमै केही गर्न सकिन्छ भनेर विगत ११ वर्षदेखि व्यावसायिक कृषिखेतीमा सक्रिय खत्रीले च्याउ र तरकारीखेतीबाट बर्सेनि १२ लाख रुपैयाँभन्दा बढी आम्दानी गर्न थालेकी छिन् ।
चारवटा गुम्बज टनेलमा कन्ये र गोब्रे च्याउखेती उत्पादन गरी छिमेकी जिल्ला बागलुङ, म्याग्दी र पर्वतको कुश्मा बजारमा खपत गर्ने गरेको अगुवा कृषक खत्रीको भनाइ छ । यस वर्ष च्याउबाट मात्रै सात लाख रुपैयाँ भन्दा बढी आम्दानी भएको उनले बताइन् । 'च्याउखेतीबाट हुने आम्दानीबाट सन्तुष्ट छु, उत्पादित च्याउको बिक्रीका लागि कुनै समस्या छैन,' कृषक खत्रीले भनिन् । गोब्रे च्याउको प्रतिकिलो ५ सय रुपैयाँ र कन्येलाई २ सय रुपैयाँमा बिक्री गर्ने गरेका उनले गोब्रे च्याउबाट यस वर्ष पाँच लाख रुपैयाँ र कन्ये च्याउबाट दुई लाख रुपैयाँ आम्दानी भएको बताइन् ।
कच्चापदार्थसहितका साम्रगीसमेत तयार गर्ने गरेकी कृषक खत्रीले सात रोपनी जमिनमा उत्पादन हुने अन्य तरकारीबाट पाँच लाखको बिक्री गर्छिन् । च्याउबाहेक मौसमअनुसार काँक्रो, घिरौँला, बोडी, सिमी, करेला, भन्टा, खुर्सानी, धनियाँ, गाजरलगायतका तरकारी उत्पादन गर्दै आएको बताए । तीनवटै जिल्लाका सदरमुकाम नजिकै रहेको र कालीगण्डकी करिडोरअन्तर्गत मालढुङ्गा–बेनी सडक नजिकै रहेकाले उत्पादित च्याउ र तरकारी बजारीकरणमा समस्या नरहेको उनले बताइन् । खत्रीले यस वर्ष उच्च प्रविधिको टनेल थपेर बाह्रै महिना च्याउखेती गर्न थालेकी छिन् । उनले वातानूकुलित टनेलमा जाडो तथा गर्मी दुवै याममा च्याउ उत्पादन हुने बताइन् । अब च्याउखेतीबाट निरन्तर आम्दानी हुने उनले बताइन् ।
सामाजिक एवम् राजनीतिक रुपमा सक्रिय खत्रीले राम्रो उत्पादन दिने र श्रमिक पनि कम लाग्ने हुँदा च्याउखेतीलाई विस्तार गरेकी छिन् । वैदेशिक रोजगारीबाट फर्किएका श्रीमान् भीमबहादुर केसीले च्याउ र अन्य तरकारीखेतीको उत्पादन तथा बजारीकरणमा सघाइरहेका छन् । अहिले दम्पतीका अलावा समय–समयमा ज्यालादारी मजदुर खोजेर तरकारीखेती गर्ने गरेको उनको भनाइ छ । खेती गर्नलाई धेरै ठूलो ठाउँ, समय पनि नचाहिने र बेच्नलाई सजिलो भएकाले यसप्रति श्रीमान्ले विदेश नगई सघाउन थालेको खत्रीले बताइन् । मेहनत गर्ने हो श्रीमान्ले विदेशमा कमाउने पैसा दुवै मिलेर यहीँ दुःख गरी कमाउन सकिने खत्रीको अनुभव छ । खत्रीले च्याउखेतीबाट भएको कमाईले छोरीलाई उच्च शिक्षाका लागि विदेश पठाउन सफल भएकी छिन भने छोरालाई समेत निजी विद्यालयमा पढाएकी छिन् । यसका अलावा बैङ्कमा बचत गर्न सफल भएको उनले बताइन् । मेहनत र परिश्रम गर्ने हो भने पैसा कमाउन विदेश जान पर्दो रहेनछ भन्ने आफ्नो अनुभवले देखाएको उनले बताइन् ।
पछिल्लो समय गाउँपालिकामा व्यावसायिकरुपमा लाग्ने कृषकको आकर्षण बढेको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताए । 'गाउँपालिकाले पनि प्रोत्साहन गरिरहेको छ, अबका दिनमा च्याउखेतीमा अनुदान समेत बढाउँछौँ,' आचार्यले भने । च्याउ एक बहुउपयोगी खाद्य पदार्थ हो ।
च्याउमा तरकारी तथा मासुमा पाइने सबै प्रकारका प्रोटिन तत्व पाइने र सजिलैसँग पचाउन सकिने भएकाले बच्चादेखि वृद्धवृद्धाका लागि अति उपयोगी छ । च्याउमा पानीको मात्रा ९० प्रतिशत पाइने हुनाले यो एकदम महत्वपूर्ण मानिन्छ । च्याउले क्यान्सर, मुटुरोगजस्ता रोग लाग्नबाट बचाउँछ । रासस

# आँखा अस्पतालमा बिरामीको प्रतिक्षा एक घण्टा मात्र




**काठमाडौँ ।**
नेपाल आँखा अस्पताल त्रिपुरेश्वरले अस्पतालमा सेवा लिन आउने बिरामीको प्रतिक्षाको समयलाई एक घण्टामा सीमित गरेको छ । सेवा प्रवाहलाई थप चुस्त बनाउन अस्पतालले बिरामीको प्रतिक्षाको समयलाई सीमितताामा झारेको हो । यसका कारण अस्पतालमा पछिल्लो समय आँखा उपचार गराउने बिरामीको चाप बढेको छ । अस्पतालले दैनिक ६ सयदेखि ९ सयसम्मलाई उपचार सेवा प्रदान गरिरहेको छ ।
अस्पतालका प्रमुख कार्यकारी अधिकृत धर्मराज गोसाइँले भने, 'अस्पतालको सेवा प्रवाहलाई चुस्त बनाउन सेवा लिन आउने बिरामीको प्रतिक्षाको समयलाई एक घण्टामा सीमित पारेको छ । दक्ष नेत्र विशेषज्ञसहित अन्य स्वास्थ्यकर्मी, आधुनिक प्रविधि, उच्च गुणस्तरका उपकररणबाट हाम्रा आँखा सेवा उपलब्ध भइराखेका छन् । यही कारणबाट पछिल्लो समय बिरामीको चाप वृद्धि भइराखको छ ।'
विसं २०३० चैत २६ गते त्रिपुरेश्वरमा जनसहयोगमा अग्रज समाजसेवी तथा नेत्र विशेषज्ञद्वारा सेवा शुरू गरेको अस्पतालले आँखाको विशिष्ट सेवा मोतियाविन्दु, रेटिना, अकुलोप्लाष्टी, कर्निया, जलविन्दु, बाल आँखा सेवालगायत आरओपीको लागि अलग्गै विभागबाट १६ नेत्र विशेषज्ञ एवम् १ सय २५ कर्मचारीद्वारा सेवा प्रदान गर्दै आएको छ ।
प्रमुख कार्यकारी अधिकृत गोसाईँका अनुसार आर्थिक वर्ष २०८१–८२ को आठ महिनामा अस्पतालले बहिरङ्ग सेवाअन्तर्गत एक लाख ३ सय १२, आकस्मिक २० हजार ९६, सर्जरी पाँच हजार ७ सय ९५, आँखा शिविरमा परीक्षण ४० हजार ६ सय १५ र शिविरमा सर्जरी ८ सय ८३ जनालाई सेवा उपलब्ध गराएको थियो । अर्को्तर्फ अस्पतालले विद्यालयस्तरमा आँखा परीक्षण कार्यक्रम पनि सञ्चालन गरिराखेको छ । चालु आवको हालसम्म नौ हजार ३ सय ३९ विद्यार्थीको दृष्टि परीक्षण गरेर ४ सय ९७ जनालाई निःशुल्क चश्मा प्रदान गरेको छ ।
अस्पतालले विभिन्न प्रकारका जनशक्ति उत्पादन गर्दै आएको छ ।
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानअन्तर्गत एमडी, अप्टोमेट्री र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत नेत्र सहायक तालिम हुँदै आएको छ । विशिष्ट सेवाका विभिन्न सेवामा छात्रवृत्ति तालिमलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्ने लक्ष्यसमेत रहेको उनले जानकारी दिए । हाल अस्पतालमा एमडीमा १२, अप्टोमेट्रीमा २४ र नेत्र सहायकमा ३७ जना विद्यार्थी अध्ययनरत छन् । प्रमुख कार्यकारी गोसाईँले भने, 'भविष्यमा अस्पतालमा बिरामीको संख्या बढ्ने अपेक्षा गरिएको छ । यसका लागि अस्पतालले अहिलेदेखि नै पूर्वतयारी गर्दै आएको छ । अस्पतालले प्रदान गर्ने सेवाको उच्च गुणस्तर कायम गर्दै विशेषगरी विपन्न र सीमान्तकृत वर्गको पहुँचका लागि सर्वसुलभ सेवा उपलब्ध गराइएको छ ।'
आगामी दिनमा अस्पतालले आफ्नो न्यूनतम शुल्कमा वा निःशुल्क सेवासमेत प्रदान गर्ने नीति लिएको छ । अस्पतालले आँखा जाँच तथा परीक्षणका लागि आवश्यक उपकरण प्रत्येक वर्ष अत्याधुनिक गर्दै लगेको छ । ज्येष्ठ नागरिकमध्येमा ८० वर्ष नाघेका व्यक्तिलाई गत वर्षदेखि मोतियाविन्दु शल्यक्रियामा ५० प्रतिशत सहुलियत गरी सेवा उपलब्ध गराइरहेको छ । उनका अनुसार गत चार वर्षमा अस्पतालबाट सेवा लिने बिरामीको संख्यामा ५० प्रतिशतले वृद्धि भएको छ । गतवर्ष एक लाख ६२ हजार ९ सय ७६ बिरामीलाई सेवा प्रदान गरिएको छ ।
यो अवधिमा अस्पतालले प्रदान गर्ने शल्यक्रिया बिरामी संख्या दोब्बर वृद्धि भएको छ । गतवर्ष नौ हजार ९३ शल्यक्रिया गर्न सफल भएको छ । प्रमुख कार्यकारी अधिकृत गोसाईँले भने, 'आगामी चार वर्षभित्रमा शल्यक्रिया सेवा संख्या वार्षिक १५ हजार पुर्याउने लक्ष्य अस्पतालले लिएको छ । गत दुई वर्षदेखि कम तौल र प्रिम्याच्युर जन्मेका शिशुमा हुने दृष्टि पर्दाको रोगको उपचार (आरओपी) हालसम्म ९४५ बच्चाका आँखा परीक्षण गरिएको छ ।'
विस्तारित कार्यक्रमअन्तर्गत आँखा शिविरमार्फत गत वर्ष ८४५ जनाको आँखा शल्यक्रिया गरिएको छ भने यसवर्ष करिब एक हजार ५ सय शल्यक्रिया गर्ने लक्ष्य रहेको अस्पतालले जनाएको छ । अस्पतालद्वारा जारी विज्ञप्तिका अनुसार सामुदायिक आँखा स्वास्थ्य कार्यक्रमअन्तर्गत गतवर्ष ३१ विद्यालयमा आँखा जाँच कार्यक्रम, ३० आँखा जाँच शिविर तथा ११ आँखा शल्यक्रिया शिविरमार्फत ४० हजार ६ सय १५ जनालाई सेवा प्रदान गरी दुई ८ सय ८४ जनालाई निःशुल्क चश्मा प्रदान गरिएको छभने यसवर्ष ५० हजार जनाको आँखा परीक्षण गरी तीन हजार ५ सय निःशुल्क चश्मा वितरण गर्ने योजना रहेको उल्लेख छ ।
अस्पतालको व्यवस्थापनमा बाराको सिमरा र गोरखाको भच्चेकमा आँखा उपचार केन्द्र तथा उपत्यकाभित्र सुन्दरीजल र खोकनामा भिजन सेन्टरको सेवालाई अझ प्रभावकारी बनाई अस्पतालको रेफरल प्रणालीलाई अझ बजबुत बनाइने अस्पतालले जनाएको छ ।
अस्पतालले सरकारको नीतिअनुरुप आँखा स्वास्थ्यमा सरकारी तथा गैरसरकारी साझेदारी नीतिलाई आत्मसात् गरी सेवा प्रवाह गर्ने नीति लिएको छ । प्रमुख कार्यकारी गोसाईँले बिरामीको सुविधाका लागि सरकारको स्वास्थ्य बिमा योजना लागू गर्ने कार्य अघि बढाइएको बताए । आगामी चार वर्षको लक्षित बिरामी संख्या वृद्धिलाई मध्यनजर गरी थप भौतिक पूर्वाधारको निर्माण तथा हाल भइरहेको स्थानको अधिकतम सदुपयोगतर्फ ध्यान दिइने विज्ञप्तिमा उल्लेख छ ।
अस्पतालले हाल छवटा शल्यक्रिया कक्षबाट सेवा प्रदान गर्दै आएको छ । यसैगरी अस्पतालमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमको गुणस्तरलाई कायम राख्न आवश्यक व्यवस्था गरिने पनि जनाइएको छ । विज्ञप्तिमा भनिएको छ, 'आँखाको उपचार सेवाको पहुँच विस्तार गर्न, दुर्गम र सुविधाविहीन क्षेत्रमा आँखा उपचार शिविर सञ्चालन गर्न एवं आँखा स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्न सरकारका साथै अन्तर्राष्ट्रिय संघसंस्था एवम् जनसहभागिताका लागि स्थानीय तहका सरकारहरुसँग सहकार्य गर्दै लैजाने योजना रहेको छ ।' रासस

# पाल्पामा डढेलोले सखाप हुँदै जङ्गल



**तानसेन ।**
लामो समयसम्म पानी नपरेर खरेडी लागेकाले जिल्लाका अधिकांश जङ्गलमा डढेलो लाग्न थालेको छ । हालसम्म यहाँका ३६ सामुदायिक तथा सरकारी जङ्गलमा लागेको डढेलोले सात सय ११ हेक्टर क्षेत्रफल नष्ट गरेको छ । यहाँका अधिकांश वन क्षेत्रका नयाँ बिरुवा डढेर खरानी बनेका छन् । जङ्गलमा दिनदिनै बढेको डढेलोले दुई वर्षयताका नयाँ बिरुवा डढाएर खरानी बनाएको जिल्लास्थित डिभिजन वन कार्यालयले जनाएको छ । डढेलोले वयस्क र पुराना रुख पनि नष्ट गरेको कार्यालयका प्रमुख नारायणदेव भट्टराईले बताए ।
चैत लागेसँगै बढेको डढेलोले वन क्षेत्र उजाड बनेको छ । अहिले रुख बिरुवाले पालुवा फेर्न र झारेका पुराना पात सुकेकाले पनि वनमा लाग्ने डढेलोले आगो चाँडै फैलने गरेको प्रमुख भट्टराईले बताए । वन क्षेत्रमा दिनदिनै बढेको डढेलोले रुख, बिरुवा सखाप हुनुका साथै नजिकका बस्ती पनि आगलागीको उच्च जोखिममा परेकाले उच्च सर्तकता अपनाउन उनले सबैलाई आग्रह गरे । यसपाली हिउँदे वर्षा नभएकाले डढेलो झन् फैलिएको स्थानीय बताउँछन् ।
हिउँदे वर्षाले रुख, बिरुवाले झारेका पातपतिङ्गर भिजाउँदा आगो ढिलो फैलने विगतको अनुभव सम्झँदै वन क्षेत्र नजिकका बासिन्दा यसपाली हिउँदे वर्षा नहुँदा चैत मध्यभित्रै डढेलोले विकराल रूप लिएको बताउँछन् ।
विशेषगरी जङ्गल नजिकैका बस्तीका नागरिक आगो लाग्नासाथ चिन्तित हुने गर्दछन् । जङ्गलमा लागेको आगो घरमा आउने डरले स्थानीय चिन्तित भएका छन् ।
वसन्त र ग्रीष्म ऋतु विशेषगरी डढेलो जोखिमको समय मानिन्छ । डढेलोका कारण वर्षभरि भएको हरियाली वन क्षणभरान नष्ट हुन्छ । यसवर्ष पनि गर्मी मौसम शुरू हुनासाथ डढेलोका घटनाहरू बढेका वन प्रमुख भट्टराईले उल्लेख गरे ।
केही दिनयता जिल्लाका तिनाउ गाउँपालिका–३ झुम्साको खुलखुले सामुदायिक वन, झुम्साको वसन्तपुर नजिक ओढारखोला, सरागखोला, कचलको काम्लेटटरी, मसिना, सिद्धचुहार, तरुले सामुदायिक वन, झिँगामारा, रिङ्सिङ वन, तिनाउ गाउँपालिका–२ को सुकेताल र खुर्सानी नजिकैको जङ्गल, रम्भा गाउँपालिकाअन्तर्गत पर्ने रिमिघा डाँडा जङ्गल, रिब्दीकोट गाउँपालिकाको पालुङ सामुदायिक वनलगायत जङ्गलमा डढेलो लागिरहेको जिल्लास्थित डिभिजन वन कार्यालयले जनाएको छ ।
निस्दीको ज्यामिरेस्थित अरुणखोलास्थित जङ्गल, ज्यामिरेको वेभोके, बतासा, मठेखर्क, क्षेत्रीखर्क, माथागढीको रहवास, हात्तीलुङलगायत स्थानमा पनि डढेलो लागेको कार्यालयका प्रमुख भट्टराईले जानकारी दिए । उनका अनुसार यहाँका स्थानीयले बस्ती जोगाउन सफल भए पनि मानवीय क्षतिसहित जङ्गल, केही घरगोठ र भौतिक संरचनामा क्षति भएका छन् । हालसम्म जङ्गलमा लागेको डढेलो निभाउने क्रममा एक जनाको मृत्यु भएको जनाउँदै प्रमुख भट्टराईले १६ वटा घरगोठ जलेका बताए । सामुदायिक वनमा लागेको डढेलो नियन्त्रणमा लिन प्रयास गरे पनि आगो पूर्ण रूपमा ननिभ्दा हावाहुरीले पुनःसल्किने समस्या रहेको उनले बताए । जिल्लाका तिनाउ, रिब्दीकोट, बगनासकाली, तानसेन र रैनादेवी छहरामा बढी डढेलो लागेको उनले जानकारी दिए ।
अधिकांश डढेलो लागेको जङ्गल नजिकै बस्ती छन् । ती बस्तीमा हावाहुरीले कुनै पनि समय डढेलो छिर्ने डरले स्थानीय रातभर सुत्न सक्दैँनन् । हरेक वर्ष लाग्ने आगोका कारण रातभर निदाउनै नसकिने रिब्दीकोटकी भिमा कार्कीले बताए । 'अघिल्लो वर्ष नजिकैको जङ्गलमा लागेको आगो बस्तीमा पसेको थियो, आगोबाट बल्लबल्ल बस्ती जोगाउन सफल भए पनि पटकपटकको डढेलोले रातमा निन्द्रा लाग्दैन,' उनले भने ।
अहिले पनि यहाँ आगो लागेको छ भन्दै कार्कीले भने, 'पहिले छिमेकीको घर जलेको थियो, कतै आफ्नो जल्ने त होइन भन्ने पिरले अहिले पनि सताउँछ । के गर्नु विपत्तिको अगाडि कसैको केही लाग्दो रहेनछ ।' घरमा एक्लै बस्दै आउनुभएकी कार्कीले बढ्दै गएको डढेलोका कारण चिन्ता बढेको बताए । दिनहुँ जस्तो भगवान्लाई सम्झिँदै बस्नु परेको उनको भनाइ छ ।
डढेलो नियन्त्रणका लागि डिभिजन वन कार्यालयले मातहतका कार्यालय, सामुदायिक वन उपभोक्ता महासङ्घ, सामुदायिक वन, स्थानीयवासी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय निकायले दैनिकजसो नियन्त्रणको प्रयास गरे पनि सफल हुन नसकेका जनाइएको छ । सुक्खा मौसम तीव्रगतिमा चलेको हावाहुरी, चुरे तथा महाभारत क्षेत्रको भू–बनोटले गर्दा डढेलो नियन्त्रण बाहिर गएको डिभिजन वन कार्यालयले जनाएको छ ।
दमकलले बस्ती नजिकेको आगो निभाए पनि जङ्गलको आगो भने नियन्त्रण गर्न नसकिएको वन कार्यालय प्रमुख भट्टराईले जानकारी दिए ।
उनका अनुसार पाल्पाका १० स्थानीय तहका ८१ वडामध्ये ३९ वटा वडाका वन, जङ्गल डढेलोको उच्च जोखिममा छन् भने २६ वडा मध्यम र १६ वडा न्यून जोखिममा रहेका छन् । डढेलो नियन्त्रणका लागि पाल्पाका वनमा अग्निरेखा बनाउने र भएका अग्निरेखा सरसफाइ गर्ने काम भइरहेको भट्टराईले जानकारी दिए ।
'गर्मी मौसम शुरू भएसँगै आगलागीका घटना बढ्दै गएपछि वन कार्यालयले डढेलो नियन्त्रणका लागि पूर्वसावधानी अपनाउँदै अग्निरेखा बनाउने कार्यलाई भने तीव्रता दिएको छ,' उनले भने । रासस

# वीरगंज–इन्डो नेपाल टी–२० क्रिकेट प्रतियोगिता शुरू

**मधेशदृष्टि**
**वीरगंज ।**
मंगलबारदेखि वीरगंज–इन्डो नेपाल टी–२० क्रिकेट प्रतियोगिता शुरू भएको छ । पशुपति आदर्श क्लबले वीरगंजको आदर्शनगर रंगशालामा आयोजना गरेको प्रतियोगिताको उद्घाटन वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले गरेका छन् । प्रतियोगितामा पुरुषतर्फ कुल ६ टिमको सहभागिता छ भने महिलातर्फ २ टिमको सहभागिता रहेको छ । प्रतियोगितामा पुरुषतर्फ भारतको जम्मु–काशमिर, तामिलनाडु, बिहार र राजस्थानका ४ टिम तथा नेपालका तर्फबाट वीरगंजको नेशनल इन्फोटेक कलेज र ग्लोबल बिजनेस कलेजको सहभागिता छ ।
प्रतियोगिताको उपाधि विजेता टिमले नगद ५० हजार र उपविजेता टिमले नगद २५ हजार रुपैयाँ पुरस्कार पाउने पशुपति आदर्श क्लबका अध्यक्ष सन्तोष गुप्ताले जानकारी दिए । यसैबीच प्रतियोगिताको उद्घाटन खेलमा पुरुषतर्फ वीरगंजको नेशनल इन्फोटेक कलेज विजयी भएको छ । उसले भारतको बिहार टिमलाई चार विकेटले हराएको हो । टस जितेर पहिले ब्याटिङ गरेको बिहारले १९.५ ओभरमा १० विकेट गुमाएर १ सय ६३ रन बनाएको थियो । जवाफी ब्याटिङमा उत्रिएको नेशनल इन्फोटेक क्लबले १ सय ६४ रनको लक्ष्य १६.५ ओभरमा केवल ६ विकेट गुमाएर पूरा गर्यो ।

# सङ्गठन मजबुत बनाउन आवश्यकः निधि

**धनुषा ।**
नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधिले पार्टीको सङ्गठनलाई मजबुत बनाउन विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याएका छन् । मंगलबार जनकपुरधामस्थित आफ्नो निवासमा आयोजित एक बैठकमा निधिले आगामी कार्ययोजना र क्षेत्रीय सङ्गठन मजबुत बनाउनका लागि केही नयाँ रणनीति अपनाउनुपर्नेमा जोड दिए । उनले बैठकमा नेपाली कांग्रेसको भविष्यमा सफलताका लागि पार्टीको संरचनामा सुधार र स्थानीय स्तरमा समन्वयमा सुधार ल्याउन महत्वपूर्ण रहेको समेत बताए । 'नेपाली कांग्रेसको अब गाउँ, नगर र जिल्लामा महत्वपूर्ण भूमिका छ, हामीले जनतासम्म पुग्नका लागि पार्टी संरचनामा सुधार र स्थानीय स्तरमा समन्वयमा सुधार ल्याउन आवश्यक छ,' नेता निधिले भने । बैठकमा नेपाली कांग्रेसका केन्द्रीय सहमहामन्त्री महेन्द्र यादवले पार्टीको एकता र सङ्गठनलाई बलियो बनाउन निरन्तर संवाद र सहकार्यको आवश्यकता रहेको बताए । उनले पार्टीको वर्तमान स्थिति र आगामी चुनावका लागि तयारी अवस्थामा रहेको समेत उल्लेख गरे । 'मधेशमा पार्टीको उपस्थिति बलियो बनाउनु हाम्रो प्राथमिकता हो, यसका लागि हाम्रा नेता र कार्यकर्ताले यथासम्भव जनताको समस्यासँग जुध्न आवश्यक छ,' उनले भने ।
प्रदेशसभा सदस्य रामसरोज यादवले मधेश प्रदेशका विभिन्न विकास योजनाको प्रगति र सम्भावनाका बारेमा आफ्ना विचार व्यक्त गरे । मधेशको विकासमा कांग्रेसको भूमिका र योगदानको महत्वलाई रेखाङ्कित गर्दै आगामी समयका चुनौतीलाई स्वीकार्दै पार्टीलाई सशक्त बनाउन सबैलाई एकताबद्ध भएर काम गर्न उनले आग्रह गरे ।
बैठकमा कांग्रेस मधेश प्रदेशसभाका प्रमुख सचेतक कुँवरकान्त झाले पार्टीको क्षेत्रीय विकास योजनामा सक्रियता र प्रभावकारिता थप बढाउनुपर्नेमा जोड दिए । बैठकमा सहभागी नेताहरूले आगामी स्थानीय, प्रदेश र सङ्घीय चुनावमा पार्टीको विजयी दृष्टिकोण राख्दै जनसङ्गठनको प्रभावकारी विस्तारमा ध्यान दिनुपर्नेमा सहमति जनाएका छन् ।बैठकमा कांग्रेसका केन्द्रीय सहमहामन्त्री यादव, पूर्वमन्त्री र मधेश प्रदेशसभा सदस्य, कांग्रेस मधेश प्रदेशसभाका प्रमुख सचेतक झा, जिल्ला अध्यक्ष योगेन्द्र पञ्जियार, जनकपुरधाम उपमहानगरपालिकाका नगर सभापति एवं नगरप्रमुख मनोजकुमार साह र उपप्रमुख किशोरी साहलगायत क्षेत्रीय, जिल्ला तथा नगरका नेताहरूको उपस्थिति थियो ।

# हुलाकी राजमार्गमा ३३५ किलोमिटर कालोपत्रे



***दिपक कर्ण***
***जनकपुरधाम ।***
*मधेश प्रदेश अन्तर्गतका सिरहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लामा निर्माणाधीन हुलाकी राजमार्ग अन्तर्गतको पूर्व–पश्चिम तथा उत्तर–दक्षिण सडक तथा पुल निर्माण कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ । जनकपुरधामस्थित हुलाकी राजमार्ग आयोजना निर्देशनालय योजना कार्यालयका अनुसार कुल ३ सय ९३.५८ किलोमिटर सडकमध्ये ३ सय ३५.७३ किलोमिटरमा कालोपत्रे कार्य सम्पन्न भइसकेको छ । बाँकी ५७.८५ किलोमिटर सडक खण्डमा कालोपत्रे कार्य बाँकी रहेको छ । कार्यालयका सूचना अधिकारी इन्जिनियर रञ्जित कुमार रायका अनुसार नेपाल सरकारले २ सय ८७.७० किलोमिटर सडक निर्माण गरेको छ भने भारतीय अनुदान सहयोगमा १०३.८८ किलोमिटर सडक निर्माण गरिएको हो । 'नेपाल र भारत दुवै पक्षको सहकार्यमा यो आयोजना सन्तोषजनक रूपमा अघि बढिरहेको छ,' रायले बताए ।*
*'जनकपुर–जलेश्वर–भिट्टामोड' (१८.५६ किमी), 'जनकपुर–बसबिट्टी–बलवा–हर्दी–पोखरभिण्डा–संग्रामपुर' (२० किमी) र 'नवलपुर–मलंगवा' (२६.५९ किमी) सडकखण्डहरु पूर्ण कालोपत्रे भई सेवा सञ्चालनमा आइसकेको उनले जानकारी दिए । धनुषाको कदमचोक– कट्टौल– तिनकौरिया सडक (३०.५८ किमी) मा २५.५८ किमी कालोपत्रे सम्पन्न भइसकेको छ भने यदुकुहा–खजुरी–महुवा सडकमा कार्य सम्पन्न हुन केही बाँकी रहेको सूचना अधिकारी रायले जानकारी दिए । 'गोलबजार–लगडी गडियानी सडक र भेल्ही–त्रिभुवननगर सडक जस्ता सडकहरूमा कालोपत्रे कार्य बाँकी छन् । अब बाँकी रहेका खण्डमा काम तिव्र पारिनेछ,' उनले भने ।*

## ५४ पुलमध्ये धेरै निर्माण सम्पन्न केही ठेक्का प्रक्रियामा

पुल निर्माणका सन्दर्भमा रायले ५४ वटा पुलमध्ये अधिकांश पुलको निर्माण कार्य सम्पन्न भइसकेको र केही ठेक्का प्रक्रियामा रहेको बताए । निर्माणधीन पुलहरूमा डिजाइन स्वीकृति, ठेक्का व्यवस्थापन र निर्माण कार्य विभिन्न चरणमा छन् । सिरहाको बलान खोला, गागन खोला (नयाँ), कल्यानदह खोला, गोल्फुधार खोला लगायतका पुलहरूको निर्माण कार्य सम्पन्न भइसकेको छ । कमला पुलमा भएको क्षतिपछि रिभाइज्ड डिजाइन स्वीकृति भई हाल निर्माण कार्य भइरहेको छ ।
धनुषामा जलाद नदी पुल सम्पन्न भइसकेको छ भने जमुनी, जंगियारा, बछराज र गर्दनीया चौक पुलहरूको ठेक्का प्रक्रियामा रहेको छ । सूचना अधिकारी रायका अनुसार केही पुलमा जमिनको विवाद वा प्राविधिक कारणले ढिलाइ भएको हो । रामध्यान टोल पुलमा जग्गा विवादका कारण निर्माण अवरुद्ध छ भने हर्कठवा र धनकौल नदी पुलका ठेक्का अन्त्य भइसकेको छ । यस्ता पुलहरूमा चाँडै पुनः ठेक्का प्रक्रिया अघि बढाइने उनले जानकारी दिए ।
सर्लाहीको एम.आर.एम. फुलजोर–त्रिभुवननगर सडक अन्तर्गतको झिम नदी पुल, मलंगवा सडकको हर्दि खोला पुल, सपहा खोला पुल, मनुष्मरा नदी पुल, अचलगढ पुल लगायतका संरचनाहरू निर्माण सम्पन्न भइसकेको जनाइएको छ । सूचना अधिकारी रायले प्राविधिक जटिलता, आवधिक बजेट व्यवस्थापन र केही ठेक्केदारको कमजोरीका कारण कतिपय सडक वा पुलको निर्माणमा ढिलाइ भएको स्वीकार गर्दै भने, 'हामी जनताको काम प्रभावकारीता, गुणस्तरीय र सेवामा असर नपर्नेगरि काम गरिरहेका छौं ।'
उनले थपे, 'बाँकी रहेका सडक र पुलहरूको निर्माण कार्य समयमै सम्पन्न गर्न हामीले प्राविधिक तथा प्रशासनिक तयारी गरिरहेका छौं । आगामी केही महिनाभित्र उल्लेखनीय प्रगति देखिनेछ ।'
हुलाकी राजमार्ग आयोजना अन्तर्गतका सडक तथा पुल निर्माणले तराई–मधेश क्षेत्रको आवागमन सञ्जाललाई सुदृढ बनाएको छ । खासगरी पूर्व–पश्चिम तथा उत्तर–दक्षिण यातायातमा सहजता ल्याउने यस आयोजनामा हालसम्मको प्रगति सन्तोषजनक देखिए पनि बाँकी कार्यलाई समयमै सम्पन्न गर्नु चुनौतीपूर्ण रहने देखिन्छ । योजना कार्यालयका अनुसार जनकपुरधामलगायतका क्षेत्रमा अब बाँकी काम तिव्र गतिमा अघि बढाइनेछ ।
तराई–मधेशको भौगोलिक सहजताका बाबजुद पनि समयमै ठेक्का व्यवस्थापन, डिजाइन स्वीकृति र निर्माणको अनुगमन अझै सशक्त बनाउनुपर्ने आवश्यकता रहेको देखिन्छ । आयोजना कार्यालयले भनेको अनुसार आगामी केही महिनाभित्रै बाँकी सडक तथा पुल निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।
पूर्व–पश्चिम तथा उत्तर–दक्षिण यातायात सञ्जाललाई मजबुत बनाउने हुलाकी राजमार्ग आयोजना चार जिल्लाका लागि जीवनरेखा सरह बनेको छ । अहिलेसम्मको प्रगति सकारात्मक देखिए पनि बाँकी ५७ किलोमिटर सडक तथा दर्जनौँ पुलहरूको समयमै निर्माण कार्य सम्पन्न गर्नु आयोजनाको मुख्य चुनौती हुनेछ । कार्यालयले भनेअनुसार २०८२ सालभित्र सम्पूर्ण हुलाकी सडक तथा पुल निर्माण सम्पन्न हुने अपेक्षा गरिएको छ ।

# सिरहाको एमाले जिल्ला अधिवेशन उद्घाटन

**मधेशदृष्टि**
**सिरहा ।**
प्रधानमन्त्री एवम् नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले जनताको जरासम्म फैलिएको पार्टी भएकाले एमालेलाई कसैले हल्लाउन नसक्ने बताएका छन् । सिरहा पार्टीको ११ औँ अधिवेशनमा ओली देश र जनताको हितबाहेक एमालेसँग अरु कुनै स्वार्थ नभएकाले देश जोगाउने पार्टी एमाले भएकाले आम कार्यकर्ता र शुभेच्छुकले एमाले विरोधी भुलभुलैयामा नलाग्न आग्रह गरे ।




'हाम्रो पार्टीलाई कसैले भित्तामा राख्छौँ भने, कसैले धूलो चटाउँछौँ भने, कसैले के भने तर एमालेलाई कसैले हल्लाउन सक्दैन भन्ने कुरा हामीप्रति जनताको उत्साहबाट स्पष्ट हुन्छ,' प्रधानमन्त्री ओलीले भने, 'मैले विगतमा प्रधानमन्त्री हुँदा सुनकोसी मरिन डाइभर्सन, हुलाकी राजमार्ग, शिक्षा र स्वास्थ्यमा सुधारका कार्यक्रम शुरू गरेँ । मधेशका समस्या मलाइ बढी थाहा छ । तिनको समाधानका लागि केन्द्र सरकारको तर्फबाट गर्नुपर्ने कुराहरुमा सरकार प्रतिबद्ध रहेको कुरा आजै मैले मधेश प्रदेशसभाको सम्बोधनमा स्पष्ट गरिसकेको छु ।'
प्रधानमन्त्री ओलीले राजतन्त्र फर्कन्छ भन्ने कसैको सपना पूरा नहुने स्पष्ट गर्दै चैत १५ गतेको अराजक गतिविधिबाट राजतन्त्रपक्षधरको वास्तविकता देखिसकिएकाले आगजनी र तोडफोड गर्ने मान्छेका हातमा शासन नजाने र दिन नहुने बताए । 'तपाईंहरु ढुक्क हुनुस् । राजतन्त्र कुनै हालतमा फर्कँदैन । एमाले र काँग्रेसजस्ता पुराना र ठूला पार्टीको सरकारले यो संविधान र व्यवस्थाको रक्षा गर्दै जनतालाई समृद्धि र सुशासन दिएर छाड्छ,' उनले भने, 'यो सरकार चुनावसम्म टसमस हुँदैन । अबको १५ महिनापछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई म हस्तान्तरण गर्छु । सरकार अहिले ढल्छ, भरे ढल्छ भन्नेहरु अब थाके । यो मजबुत सरकार हो ।'
अधिवेशनबाट सर्वसम्मत र परिपक्क नेतृत्व चयन गर्न आग्रह गर्दै अध्यक्ष ओलीले विरोधीलाई देखाउनका लागि प्यानल बनाएर गुटबन्दी गर्नु आवश्यक नभएको बताए । कार्यक्रममा जनता समाजवादी पार्टीबाट निर्वाचित धनगढीमाइ नगरपालिका वडा नम्बर ७ का अध्यक्ष विजयकुमार सिंह, वडा सदस्यसहित तथा अन्य पार्टीबाट समेत गरी करिब पाँच सय जनालाई अध्यक्ष ओलीले प्रवेश गराए ।
उद्घाटनसत्रमा एमालेका सचिव रघुवीर महासेठ, मधेश प्रदेश इञ्चार्ज लीलानाथ श्रेष्ठ, मधेश प्रदेशसभाका एमाले संसदीय दलका नेता सरोजकुमार यादवलगायतले शुभकामना मन्तव्य दिएका थिए । अधिवेशन उद्घाटनअघि प्रधानमन्त्री ओलीले सिरहा बजारमा रहेको शहीद हेमनारायण यादवको शालिकका माल्यार्पण गरेका थिए । यसैगरी प्रधानमन्त्री ओलीले सूर्यनारायण सत्यनारायण मरवैता यादव बहुमुखी क्याम्पसको नवनिर्मित सभामञ्च पनि उद्घाटन गरेका छन् ।

# मधेश–काठमाडौँ द्रुतमार्ग निर्माणमा झिनो प्रगति

**मधेशदृष्टि**
**वीरगंज ।**
बहुप्रतीक्षित मधेश (तराई)–काठमाडौँ द्रुतमार्गको निर्माण कार्य तोकिएको समयसीमामा सम्पन्न हुने सम्भावना कमजोर देखिएको छ । आयोजनाले तोकेको लक्ष्य नजिकिँदै जाँदा समेत निर्माण प्रगति भने ४० प्रतिशतको हाराहारीमै सीमित छ ।
द्रुतमार्ग आयोजना कार्यालयका अनुसार फागुन मसान्तसम्म भौतिक प्रगति ३८.८० प्रतिशत पुगेको छ भने वित्तीय प्रगति ४०.२४ प्रतिशत छ । चालु आर्थिक वर्ष २०८१–८२ मा सरकारबाट २२ अर्ब ५४ करोड ९३ लाख रुपैयाँ बजेट विनियोजन गरिएकामा हालसम्म ६ अर्ब ५७ करोड खर्च भइसकेको छ । गत आव २०८०–८१ को अन्त्यसम्म भौतिक प्रगति ३५.३८ प्रतिशत थियो । चालु आवको आठ महिनामा प्रगति जम्मा ३.४२ प्रतिशत बिन्दुले मात्र बढेको देखिन्छ, जसले आयोजना सुस्त गतिमा अघि बढिरहेको संकेत गर्छ ।
नेपाली सेनाको जिम्मामा रहेको द्रुतमार्ग आयोजना ७०.९८ किलोमिटर लामो छ । आयोजनाको प्रारम्भिक बिन्दु ललितपुरको खोकना, बुङमति र फर्सिडोल क्षेत्रमा जमिन अधिग्रहणका लागि मुआब्जा वितरण प्रक्रिया अझै नटुंगिएकाले प्याकेज नम्बर ११ को खरिद प्रक्रिया ढिला भइरहेको आयोजनाले जनाएको छ ।

# सीतामढीमा नेपाल भारत सुरक्षा अधिकारीको बैठक

**मधेशदृष्टि**
**रौतहट ।**
नेपाल भारत सुरक्षा अधिकारीको संयुक्त बैठक भारतको बिहार, सीतामढीमा भएको छ ।
रौतहट, सर्लाही, महोत्तरी र सीतामढी जिल्लाका सुरक्षा अधिकारीको सहभागितामा संयुक्त समन्वय समितिको बैठक भएको हो । खुला सिमानाका कारण हुनसक्ने चोरी तस्करी, लागुऔषध तथा मदिरा ओसारपसार नियन्त्रण गर्ने सहमति भएको संयुक्त बैठकमा सहभागी रौतहटका सिडिओ बिनोद कुमार खड्काले बताए ।
त्यसैगरी सीमा क्षेत्रमा अबैध मुद्राको कारोबार नियन्त्रण गर्ने, एकापसमा सूचना आदानप्रदान गर्ने, तथा सुरक्षा संवेदनशीलताको विषयमा सौहार्दपूर्ण वातावरणमा दुईपक्षीय सहमति भएको




जिल्ला प्रशासन कार्यालय रौतहटद्वारा मंगलबार जारी सूचनामा उल्लेख छ ।
दुईपक्षीय बैठकमा नेपालका तर्फबाट रौतहटका सिडिओ बिनोद कुमार खड्का, नेपाल प्रहरीका एसपी दिलीप घिमिरे, सशस्त्र प्रहरी रौतहटका एसपी सन्तोष कुमार बस्नेत, राष्ट्रिय अनुसन्धानका एसपी अभिनय कुमार सिंह, जिल्ला भन्सार कार्यालय गौरका प्रमुखको सहभागिता थियो । त्यस्तै सर्लाही, महोत्तरीका सिडिओ, नेपाल प्रहरी, सशस्त्र प्रहरी, अनुसन्धानका एसपी, भन्सार अधिकृतसँगै भारत सीतामढी जिल्लाका मुख्य जिल्ला अधिकारीको नेतृत्वमा पुलिस अधिक्षक, एसएसबी कमान्डेट तथा कस्टम कार्यालयका प्रमुखको सहभागिता थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन